# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संरचनाका दृष्टिले ध्वनि, रूप, पद, पदावली, वाक्यांश आदि शब्द नै मुख्य भएका पूर्ण अर्थ वा भाव प्रकट गर्ने भाषाका आधारभूत एकाइ तथा कुरा प्रस्ट पार्ने सार्थक शब्दहरूको समूह नै वाक्य हो (लम्साल र अन्य, २०६६ : १५७) । उपवाक्य भन्दा ठुलो र अनुच्छेदभन्दा सानो एकाइ वाक्य हो । वाक्यमा एक वा सो भन्दा बढी उपवाक्य रहेका हुन्छन् । वाक्य भाषाको आधारभूत एकाइ हो । वर्ण, अक्षर, रूप शब्द/पद, पदावली, उपवाक्यको संयोजनबाट वाक्य निमार्ण भएको हुन्छ । कर्ता, कर्म र क्रियाको सङ्गति वाक्य रचना हो । वाक्य रचनाका आधरभूत तत्त्व लिङ्ग, वचन, पुरुष, काल, आदर, पक्ष आदिका आधारमा भिन्नाभिन्नै रूपमा वाक्यलाई प्रयोग योग्य बनाउनुलाई वाक्य रचना भनिन्छ ।

विद्यार्थीहरूमा स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृत्ति प्रशस्त पाइन्छ । यस्ता अशुद्धिहरू मातृभाषाको प्रभाव, वातावरणीय प्रभाव, द्विभाषिक आदान प्रदान आदि विभिन्न कारणले हुन सक्छन् । यस परिप्रेक्ष्यमा नेपाली भाषाको शुद्ध एवम् स्तरीय वाक्य रचना सम्बन्धी सिप सिकेर भाषिक परिष्कार र सम्बृद्ध प्राप्त गर्न मद्दत पुऱ्याउन वाक्य रचना शिक्षण अत्यावश्यक देखिन्छ । वाक्य रचना कुनै पनि भाषाको आधारभूत पक्ष भएकाले विद्यार्थीहरूलाई त्यसमा सचेत तुल्याई मानक एवम् स्तरयुक्त भाषिक अभिव्यक्तिमा अभ्यस्त बनाउनु पर्छ । वाक्य रचनाका विभिन्न पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, आदर पक्ष वाच्यमा हुने त्रुटिहरू निराकरण गरी शुद्ध र स्पष्ट भाषाको प्रयोगमा सहयोग पुऱ्याउनु पर्दछ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताका बारेमा धेरै जिल्लाहरूमा अनुसन्धान भएता पनि खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताका बारेमा अहिलेसम्म अध्ययन भएको छैन । विद्यालयको प्रकृति र लैङ्गिकता जस्ता पक्षलाई ध्यान दिएर खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

समस्या कथन भनेको अनुसन्धानको विषयको संक्षिप्त स्पष्टोक्ति हो (भट्टराई, २०७३ : १६४) । वाक्य रचना क्षमताको पहिचान गर्नु नै प्रस्तुत शोधपत्रको समाधेय समस्या हो । वाक्य रचनाका पक्षहरू जस्तैः लिङ्ग, वचन, काल पुरुष, पक्ष आदिको सङ्गति मिलाई शब्दलाई वाक्यमा प्रयोग योग्य बनाउनु नै वाक्य रचना हो । विद्यार्थीले ग्रहण गरेको ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्ति दिन सक्ने सामर्थ्यको विकास गराउन वाक्य रचना सिपको विकास गराउनु पर्दछ । प्रस्तुत शोधपत्रको शीर्षक खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन रहेकाले पस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्दित रहेको छ :

(क) खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमता कस्तो छ ?

(ख) छात्र र छात्राका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमता के कस्तो छ ?

(ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

समस्या कथन उठाएका मूलभूत प्रश्नहरूको समाधान नै उद्देश्य हो (भट्टराई, २०७३ : १६६) । खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको स्थिति पत्ता लगाउनु नै प्रस्तुत अध्ययनको उद्देश्य हो । पस्तुत समस्याको प्राज्ञिक समाधानका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

(क) खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण गर्नु,

(ख) छात्र र छात्राका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु,

(ग) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

शोधप्रस्तावमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ । आफ्नो शोधकार्य सम्पन्न भइसकेपछि त्यसबाट ककसलाई कुनकुन पक्षमा लाभ वा सहयोग पुग्न सक्छ सो बारेमा उल्लेख गर्नु पर्दछ ।

भाषामा वाक्य रचनाको सही प्रयोग गर्नु अति आवश्यक हुन्छ । नेपाली भाषा सरकारको कामकाजको भाषा भएको हुँदा नेपाली भाषाको प्रयोग स्तरीय र मानकयुक्त बनाउन वाक्य रचना सही तरिकाले हुनु अति आवश्यक छ । नेपाली भाषामा वाक्य रचनाको अध्ययन अनुसन्धानबाट विद्यार्थीहरूले गर्ने वाक्य रचना सम्बन्धी त्रुटिहरूको निराकरण गर्दै शुद्ध, स्तरीय, नियमबद्ध भाषाको प्रयोगमा सहयोग पुऱ्याउन यो अध्ययन औचित्यपूर्ण रहने छ । कक्षाकोठामा विद्यार्थीहरू एउटै भाषिक पृष्ठभूमिका मात्र नभइ फरक फरक पृष्ठभूमिका हुन्छन् र तिनीहरूले गर्ने त्रुटिको क्षेत्र पनि फरक फरक हुन्छ । त्यसैले सम्पूर्ण विद्यार्थीहरूमा व्याकरणात्मक शुद्धताको धारणा बसाइ सबैमा समान वाक्य रचना क्षमताको विकास गराउन सक्नुपर्ने हुन्छ ।

प्रस्तुत शोधकार्य वाक्यका आधारभूत पक्षहरू जस्तै : लिङ्ग, वचन, आदर, पुरुष, वाच्य भाव , काल, पक्ष आदिका आधारमा गरिने भएकाले विद्यार्थीहरूले तत्तत् क्षेत्रमा गर्ने त्रुटिको निराकरण गर्न यो अध्ययन सहयोगी हुने अपेक्षा लिइएको छ । प्रस्तुत अध्ययन वाक्य रचनाका क्षेत्रमा अध्ययन गर्न चाहने विद्यार्थी, शोद्यार्थीलाई पनि सहयोग गर्ने छ । यस सन्दर्भमा नेपाली भाषाको शुद्ध एवम् स्तरीय वाक्य रचना सम्बन्धी सिप हासिल गराउन समेत प्रस्तुत शोधकार्य सहयोगी हुने छ । हाल सम्म खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्य रचना शीर्षकमा अनुसन्धान गरिएको नपाइएकाले त्यस क्षेत्रको कक्षा आठका विद्यार्थीहरूको वाक्य रचना क्षमता कस्तो छ भनी जान्न चाहने जो कोहीलाई उपयोगी हुने छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोध प्रस्तावनामा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ (भण्डारी, २०७४ : १४८) । सीमाङ्कनले

शोधकार्यलाई वास्तविक, उद्देश्यमूलक, तथ्यपरक बनाउँछ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हँदा अध्ययनको व्यापकतालाई सीमित घेरामा सीमाबद्ध गरी अध्ययनलाई सीमाङ्कन गर्नु आवश्यक हुन्छ । शोधकार्यलाई प्रयोग पक्षमा लैजान खोटाङ जिल्लाका सीमित विद्यालयका विद्यार्थीहरूलाई अनुसन्धानको सीमा बनाइएको छ । प्रस्तुत शोधकार्यका निम्नलिखित सीमा रहेका छन् ।

(क) वाक्य रचना सङ्गतिका आधारमा मात्र अध्ययन गरिएको छ ।

(ख) लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य ,भावका आधारमा मात्र वाक्य रचना क्षमताको अध्ययन गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्न लिखित अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययनको विधि र प्रक्रिया

अध्याय चार : खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

अध्याय पाँच : छात्र र छात्राका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

अध्याय छ : सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

अध्याय सात : सारांश, निष्कर्ष र उपादेयता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान , पत्रपत्रिका तथा अन्य श्रव्य दृश्य सामग्री पढेर सुनेर अध्ययन मनन गरेर तिनको सक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०७३ : १६९) । सम्बद्ध साहित्यको पुनरावलोकनले शोधार्थीलाई सम्बन्धित विषयका कुनकुन क्षेत्रमा अध्ययन भए र नयाँ अध्ययन हुन बाँकी कुनकुन हुन भन्ने बारे जानकारी प्राप्त गर्दछ । पूर्वकार्यबाट अनुसन्धानको शीर्षकचयन, प्रयोजन, विधि र तिनको निष्कर्षको चर्चा गर्न सहयोग गर्दछ । साथै सम्बन्धित विषयमा गहिरो ज्ञान प्राप्त भई अनुसन्धानलाई वैध, वस्तुपरक र विश्वसनीय बनाउन सहयोग पुग्दछ । प्रस्तुत शोधपत्र खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको पहिचान गर्नका लागि सम्बन्धित पुस्तक र शोधपत्रको पुनरावलोकनलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१.१ पुस्तक सम्बन्धी

भट्टराई र ढुङ्गेल (२०६६) द्वारा वाक्यको परिचय, प्रकार, आधारभूत पक्ष, तत्त्व र वाक्यान्तरण आदिका बारेमा विस्तृत रूपमा प्रस्तुत  गरिएको छ । जहाँ उद्देश्य र विधेयलाई वाक्यका आधारभूत तत्त्वका रूपमा चिनाइएको छ । अर्थ र संरचनाका आधारमा वाक्यलाई वर्गीकरण गरिएको छ । त्यस्तै वाक्यका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, आदर, वाच्य आदि जस्ता शीर्षक राखी उदाहरण सहित प्रस्ट्याइएको छ । विद्यार्थीहरूको वाक्य रचनाका कुन कुन क्षेत्रमा के कस्तो अवस्था छ भनेर अध्ययन गर्न सहयोग पुऱ्याउने हुनाले औचित्यपूर्ण देखिन्छ ।

लम्साल र अन्य (२०६६) द्वारा वाक्य रचना शिक्षणको परिचय, महत्त्व र वाक्य रचनाका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल पक्षआदिको परिचय उदाहरण प्रस्तुत गरिएको छ । यस पूर्वकार्यको समीक्षाले व्याकरणिक कोटिहरूका आधारमा वाक्यका पदहरू बिचको अन्वयका लागि सहयोगी हुने देखिन्छ ।

पौडेल (२०७०) द्वारा वाक्य रचना शिक्षणको परिचय, प्रयोजन र वाक्य रचनाका आधारभूत पक्षहरू कसरी शिक्षण गर्ने भनि उदाहरणसहित प्रस्तुत गरिएको छ । यस पूर्वकार्यको अध्ययनले नेपाली भाषाको वाक्य ढाँचा आधारभूत संरचना अनुसार वाक्य निमार्ण गर्न सहयोगी हुने देखिन्छ ।

न्यौपाने र अन्य (२०७३) द्वारा संरचनावाद अन्तर्गत वाक्य यसका प्रकार शीर्षकमा अपूर्ण र पूर्ण वाक्य संरचना भन्दै संरचनावादीद्वारा पूर्ण वाक्यको मात्र अध्ययन गर्ने कुरा प्रस्ट्याएको छ । त्यस्तै रूपान्तरण व्याकरण शीर्षकभित्र अब्राहम नोम चम्स्कीद्वारा वाक्य संरचनालाई आन्तरिक र बाह्य भन्दै चर्चा गरिएको कुरा प्रस्ट पारिएको छ । यस समीक्षाले वाक्य रचनाको एउटा पक्ष तत्त्वअन्तर्गत पूर्ण र अपूर्ण वाक्यको निमार्ण संरचनाबारे अध्ययन गर्न सहयोग गर्ने छ ।

अधिकारी (२०७५) द्वारा वाक्यको प्रकार शीर्षकमा संरचना र अर्थका आधारमा वाक्यको वर्गीकरण गरिएको छ । यी दुवै आधारमा भाषामा प्रयुक्त वाक्यको  निमार्ण अध्ययन विश्लेषण र प्रयोग गर्न सकिने कुरा यसको व्याकरणिक पक्षबाट पुस्टि गरिएको छ । उक्त पुस्तकमा वर्ण व्यवस्था, वाक्य संरचना, लिङ्ग, वचन, पुरुष, आदर, भाव, काल आदि जस्ता शीर्षकहरू राखी प्रत्येक शीर्षकको परिचय, प्रकार र प्रक्रियासहित पुष्टि गरिएको छ । यस पूर्वकार्यको समीक्षाबाट वाक्यका पक्ष, तत्त्व र प्रकारको संरचना अनुसार अध्ययन गर्न सहयोग पुग्नका साथै वाक्यमा पद सङ्गतिको सही प्रयोग गर्न सहयोग पुग्ने देखिन्छ ।

खनिया (२०७५) द्वारा वाक्यको परिचय, प्रयोजन र वाक्य रचना शिक्षणका कार्यकलापहरू प्रस्तुत गरिएको छ । यसमा वाक्यका प्रकार आधारभूत तत्त्व , पक्ष आदिलाई उपयुक्त ढङ्गले शिक्षण गरी मानकसम्मत भाषाको प्रयोग गर्न वाक्य रचना शिक्षण आवश्यक पर्ने  कुरा उल्लेख गरिएको छ । साथै वाक्य रचना शिक्षण गर्दा विद्यार्थीको भाषिक पृष्ठभूमिको ख्याल गरेर यस सम्बन्धी हुने त्रुटिको निराकरण गर्न वाक्य रचना शिक्षण आवश्यक रहेको कुरा उल्लेख गरिएको छ । यस पूर्वकार्यको समीक्षाले विद्यार्थीको वाक्य रचना क्षमता  कस्तो रहेछ भनी पहिचान गर्न सहयोग गर्ने छ ।

उल्लिखित पुस्तकहरू प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक स्वरूप दिनका लागि महत्त्वपूर्ण सहयोग गर्ने छन् । वाक्यको परिचय, प्रकार, पक्ष, तत्त्व आदिको चर्चा गर्न यी पुस्तकले सहयोग गर्ने छन् । त्यसैले प्रस्तुत शोधकार्यको समग्र सैद्धान्तिक स्वरूपलाई पूर्णता दिनका लागि उल्लिखित पुस्तकहरू सहायक सिद्ध भएका छन् ।

### २.१.२ शोध सम्बन्धी

यादव (२०६३) द्वारा कक्षा पाँचमा अध्ययनरत मैथिलि भाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनामा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । सो अध्ययनमा मैथिली भाषी विद्यार्थीहरूले नेपाली वाक्य रचनामा गर्ने त्रुटिको क्षेत्र पत्ता लगाई त्रुटि गर्नुका कारणको खोजी गरी त्रुटिहरूको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ । यस शोधमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा मैथिली भाषी विद्यार्थीहरूले वाक्य रचनाका तत्त्वहरू लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव र आधारमा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनमा मैथिलीभाषी विद्यार्थीहरूले वाक्य रचनाका लिङ्ग, आदर, काल जस्ता पक्षमा बढी त्रुटि गरेको र वचन ,पुरुष, भाव, पक्ष आदिमा कम त्रुटि गरेको निष्कर्ष निकालिएको छ ।

खनाल (२०७०) द्वारा स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरुङ मातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । सो अध्ययनमा गुरुङ मातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्नुका साथै गुरुङमातृभाषी र नेपाली मातृभाषी विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अनुसन्धान स्याङ्जा जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थी छनोट गरी सामग्री सङ्कलन गरिएको थियो । उक्त शोधकार्य सम्पन्न गर्नका लागि क्षेत्रीय अध्ययन र नमुना सर्वेक्षण विधि अपनाइएको छ । उक्त शोधकार्यमा सबैभन्दा बढी त्रुटि कारक र वाच्य पक्षमा रहेको र सबैभन्दा कम त्रुटि वचन र लिङ्ग पक्षमा रहेको त्यस्तै नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा गुरुङ मातृभाषी विद्यार्थीहरूले बढी त्रुटि गरेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत अध्ययनमा सैद्धान्तिक स्वरूप निमार्ण गर्न सहयोग गर्ने छ ।

सुवेदी (२०७०) द्वारा दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । सो अध्ययनमा विद्यालयको प्रकृति र लैङ्गिकताका

आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्ने उद्देश्य राखिएको छ । जसमा क्षेत्रीय अध्ययन विधिलाई आधार लिइर दाङ जिल्लाको लालमटिया गा वि सका पाँच वटा संस्थागत र पाँच वटा सामुसायिक विद्यालयका ५० /५० गरी जम्मा १०० विद्यार्थी लिइएको पाइन्छ । यस शोध प्रतिवेदनमा वाक्य रचनाका लिङ्ग, वचन, पुरुष, काल पक्ष आदर र वाच्यसँगमात्र सम्बन्धित रहेको छ । यी सात वटा पक्षहरूलाई समेटी विषयगत र स्वतन्त्र लेखनको प्रश्नावली निमार्ण गरी लिखित परीक्षा गरेर परीक्षण गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस शोध प्रतिवेदनमा प्रश्नहरूको विश्लेषण गर्दा वाक्य प्रयोग सम्बन्धी वाक्य रचना क्षमता अत्यन्त कमजोर देखियो भने वचन, पुरुष, काल र पक्षमा वाक्यको प्रयोग राम्रो रहेको पाइयो । त्यसै गरी समग्र विद्यार्थीहरूको स्वतन्त्र लेखन क्षमता मध्यम रहेको र निष्कर्ष निकालिएको छ ।

शर्मा (२०७२) द्वारा बाग्लुङ जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमता पहिचान गर्नु, छात्रछात्रा, विद्यालयको प्रकृति र विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमता अध्ययन गर्ने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूरा गर्नका लागि क्षेत्रीय अध्ययन र नमुना छनोट विधिको प्रयोग गरिएको छ । यस शोधमा चार वटा संस्थागत र चार वटा सामुदायिक विद्यालयका ४०/४० गरी जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । यसरी तयार पारिएको शोधले संस्थागत विद्यालयको विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता राम्रो रहेको, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषिको वाक्य रचना क्षमता राम्रो र छात्रछात्राका हकमा वाक्य रचना क्षमता समान रहेको निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०७३) काठमाडौ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । सो अध्ययनमा विद्यार्थीहरूको वाक्य रचना क्षमताका पत्ता लगाउनु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन र नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । पाँच वटा संस्थागत र पाँच वटा सामुसायिक विद्यालयका ५० /५० गरी जम्मा १०० विद्यार्थी लिइएको पाइन्छ । वाक्य रचनाका ६ वटा

पक्षहरूलाई समेटी वस्तुगत र स्वतन्त्र लेखन सम्बन्धी प्रश्नहरू समावेश गरी लिखित परीक्षा लिएर परीक्षण गरी त्यसैको आधारमा शोध प्रतिवेदन तयार पारिएको पाइन्छ । सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता सबल रहेको लेखिन्छ त्यस्तै छात्रको तुलनामा छात्राको वाक्य रचना क्षमता सबल रहेको निष्कर्ष निकालिएको छ । उक्त  पूर्वकार्यले प्रस्तुत अध्ययनमा सैद्धान्तिक स्वरूप निमार्ण गर्न सहयोग गर्ने छ ।

बोहरा (२०७३) द्वारा कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्याथीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । सो अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीको वाक्य रचना क्षमता पत्ता लगाइने तथा लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्य रचना सम्बन्धी तुलना गरिएको छ । यस शोधपत्र सम्पन्न गर्नका लागि क्षेत्रीय अध्ययन, पुस्तकालय र नमुना सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । युक्त अनुसन्धान कैलाली जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थी छनोट गरी सामग्री सङ्कलन गरिएको थियो । त्यसै गरी सङ्केतका आधारमा वाक्य परिवर्तन गर्ने र स्वतन्त्र लेखन जस्ता प्रश्न समावेश गरिएको थियो । उक्त अध्ययनमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको वाक्य रचना क्षमता कमजोर र छात्र छात्राबिच वाक्य रचना क्षमता समान रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोधको सैद्धान्तिक रूपरेखा निमार्णमा सहयोगी रहेको छ ।

माथि उल्लिखित पुस्तक र शोध सम्बन्धी साहित्यको पुनरावलोकनले  शोध शीर्षक चयन गर्न, विषय र शीर्षकसँग सम्बन्धित अवधारणा स्पष्ट पार्न, समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक आधार प्रदान गर्न सहयोग गर्ने छ । शोधार्थीले छनोट गरेको शीर्षक पूर्व भएका अध्ययनसँग पुनरावृत्ति भएको छ छैन भन्ने जानकारी प्राप्त गर्न र सम्भावित त्रुटिहरूलाई निराकरण गर्न, समस्याको औचित्य स्थापित गर्न सम्बद्ध कार्यको पुनरावलोकनले मद्दत गर्ने छ । त्यस्तै अनुसन्धानलाई उपलब्धीमूलक बनाउन, नवीन धारणा पहिल्याउन, सम्बन्धित विषयमा विस्तृत ज्ञान प्राप्त भई शोध कार्यलाई वैध र विश्वसनीय बनाउन सहयोग गर्ने छ । शोधको ढाँचा निमार्ण गर्न, तथ्य सङ्कलन सामग्री निमार्ण गर्न, प्राप्त तथ्यको विश्लेषण गर्न सम्बद्ध कार्यको पुनरावलोकनले सहयोग गर्ने छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषा मानवीय सञ्चार प्रणाली हो । भाषाको विकास र प्रयोग दुबै समाजबाट हुन्छ । भाषामा वाक्य रचना मिलेन भने यसले खास अर्थ प्रदान गर्न सक्दैन । तसर्थ भाषाको स्तरीय र मानक प्रयोगका लागि वाक्य रचनाका पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, कारक आदिको सङ्गतियुक्त प्रयोग हुनु आवश्यक देखिन्छ ।

### २.२.१ वाक्यको परिचय

वाक्यांश भन्दा माथिल्लो र अनुच्छेद भन्दा तल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ । भनिएको कुराको अर्थ बुझ्न र बुझाउनका लागि मावन समाजमा भाषाको प्रयोग हुने तथा अर्थको पूर्णता वाक्यमा हुने भएकाले भाषाको आधारभूत पूर्ण एकाइ यसैलाई मानिन्छ (खनिया, २०७५ : १०२) । वाक्यमा दुई वा सोभन्दा बढी शब्द र एक वा एक भन्दा बढी उपवाक्य रहेका हुन्छन् । वाक्यले कुनै पनि एउटा विषयमा पूर्ण अर्थ प्रदान गर्दछ । उद्देश्य र विधेय वाक्यका आधारभूत तत्त्व हुन । उद्देश्य र विधेययुक्त वाक्यलाई मात्र पूर्ण वाक्य मानिन्छ । जस्तै :

(क) हरि खेल्छ ।

(ख) कृष्ण गीत गाउँछ ।

(ग) गीता दिदीको छोरो किरण साथीहरूसँग विद्यालय जान्छ ।

माथिका यी सबै वाक्य हुन् ।

भाषा आदान प्रदान गर्ने माध्यम हो । वाक्य भाषाको आधारभूत तत्त्व भएकाले वाक्य विना भाषा सुसङ्गठित र नियमित रूपमा सञ्चालन गर्न सकिदैन । एउटा निश्चित पूर्ण कथनलाई व्यक्त गर्ने अभिव्यक्ति वाक्य हो । वाक्यमा कर्ता, कर्म र क्रियाको सङ्गति मिल्नु पर्दछ । वाक्य रचनाका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष,आदर, वाच्य आदिलाई छुट्टाछुट्टै रूपमा प्रयोगयोग्य बनाउनु नै वाक्य रचना हो । वाक्य रचनालाई भाषाको अभिन्न अङ्गको रूपमा लिन सकिन्छ । भाषालाई निश्चित अर्थ दिन र स्पष्ट पार्न वाक्य रचनाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । वाक्य रचनाले भाषालाई व्यवस्थित, सान्दर्भिक र अर्थयुक्त बनाउने भएकाले यसलाई भाषाको मुटुका रूपमा

लिइन्छ । विद्यार्थीहरूले उपयुक्त किसिमले वाक्य रचना गर्नसके मात्र नेपाली भाषा शिक्षण प्रभावकारी भएको मानिन्छ ।

संरचनाका दृष्टिले वाक्य उपवाक्यभन्दा ठुलो र अनुच्छेदभन्दा सानो भाषिक एकाइ हो । पूर्ण वाक्य बन्नका लागि कर्ता, कर्म र पूरक क्रिया विशेषक क्रिया जस्ता वाक्यात्मक कार्य गर्ने तत्त्वहरूको आवश्यकता पर्छ । यस्ता तत्त्वहरूमध्ये उद्देश्य र विधेय वाक्यमा वाक्यमा नभई नहुने अनिवार्य तत्त्व मानिन्छन् (ज्ञवाली, २०६९ : १६३) । वाक्य रचनाका पक्षहरू लिङ्ग, वचन, आदर, काल, भाव, पक्ष आदि एक अर्कामा फरक हुनुपर्छ । यिनीहरू छुट्टिएनन् भने  शव्दहरू जीउन सक्दैन । कर्ता कर्म र क्रियाको सङ्गति मिल्नुलाई वाक्य रचना भनिन्छ । राम भात खान्छ । यस वाक्यमा कर्ता अनुसार क्रियाको प्रयोग भएको छ ।

भाषाको स्तरीय रूप दिन र भाषिक एकरूपता कायम गर्न वाक्य रचनाको उपयुक्त स्थान रहन्छ । भाषालाई व्यवस्थित, वैज्ञानिक र अर्थपूण बनाउनका लागि वाक्य रचना सम्बन्धी सिप हुनु आवश्यक देखिन्छ । उपयुक्त वाक्य रचना नभएको खण्डमा अर्थको अनर्थ हुन जान्छ ।

### २.२.२ वाक्यका प्रकार

वाक्य स्वतन्त्र भाषिक एकाइ हो । वाक्यका आधारभूत तत्त्वहरू उद्देश्य र विधेय हुन । उद्देश्यलाई कर्ता र विधेयलाई क्रिया पनि भनिन्छ । जस्तै :

राम  जान्छ ।

राम-उद्देश्य

जान्छ -विधेय

#### २.२.२.१ संरचनाका आधारमा वाक्य

वाक्यलाई बनोट र संरचनाका आधारमा वाक्य सरल, मिश्र, र संयुक्त गरी तिन किसिमले विभाजन गरिन्छ :

(क) **सरल वाक्य**

एउटा मात्र स्वतन्त्र उपवाक्य भएको संरचनालाई सरल वाक्य भनिन्छ (भट्टराई र ढुङ्गेल, २०६६ : १८२) । सरल वाक्य एउटामात्र समापिका क्रियाबाट संरचित उद्देश्य र

विधेय खण्ड भएको व्याकरणिक एकाइ हो । सरल वाक्यमा एउटा मात्र कर्ता र एउटै( समापिका क्रिया) क्रियापद हुन्छ । तर एकभन्दा बढी असमापिका क्रिया रहन्छ । जस्तै :

(अ) रविन घर गयो ।

(आ) उनीहरू घर फर्कदा स्याल देखेर डराए ।

(इ) भाई रुन्छ ।

(ई) अग्ली केटी विस्तारै गई ।

सरल वाक्यमा संयोजकहरूको प्रयोग हुँदैन । तर लेखेर, लेखेको लेख्दा, लेख्न जस्ता असमापिका क्रिया जति पनि प्रयोग हुन सक्छन्, जस्तैः

खेल खेल्ने भीष्म दगुर्दै आएर भित्र पस्यो ।

**(ख) संयुक्त वाक्य**

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्य (सरल वाक्य ) मिली बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । जसलाई निरपेक्ष संयोजकले जोड्ने काम गर्दछ (ढुङ्गेल र भट्टराई, २०६६ : १८७) संयुक्त वाक्यमा स्वतन्त्र उपवाक्यहरूको योग हुन्छ । जस्तै :

(अ) रविन बजार गयो र कलम किन्यो ।

(आ) बादल लाग्यो र पानी पऱ्यो ।

(इ) श्याम मिहिनेती छ तर हरि अल्छी छ ।

(ई) राम निर्दयी छ तर विद्वान् छ ।

**(ग) मिश्र वाक्य**

एउटा मुख्य उपवाक्य र एक वा एकभन्दा बढी अधीन उपवाक्य मिलेर बनेको वाक्यलाई मिश्रवाक्य भनिन्छ । यसमा मुख्य उपवाक्य र अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेको हुन्छ । मिश्र वाक्य भित्र स्वतन्त्र उपवाक्य र अधीन उपवाक्यलाई भनी,भने, जब, जहाँ, त्यहाँ आदि जस्ता सापेक्ष संयोजकले जोड्दछ । जस्तै :

(अ) जब पानी पर्छ तब बाटो हिलो हुन्छ ।

(आ) जसले मह काढ्छ उसले हात चाट्छ ।

(इ) जहाँ फूल फुल्छ त्यहा वास्ना चल्दछ ।

(ई) तिमी आयौ भने म जाउँला ।

### २.२.२.२ अर्थका आधारमा वाक्य

अर्थ क्रियासँग सम्बद्ध र क्रियाबाटै व्यक्त हुन्छ । क्रियाद्वारा अभिव्यक्त वक्ताको मनसाय वा अभिवृत्तिलाई भाव वा अर्थ भनिन्छ (ढुङ्गेल र भट्टराई, २०६६ : ९१) वक्ताले केही बोल्दा वा लेख्दा जुन कुरा व्यक्त हुन्छ त्यसमा उसको वृत्ति वा आशय रहन्छ । क्रियाका रूपबाट व्यक्त हुने वक्ता वा लेखकको इच्छा, आज्ञा, निश्चयार्थ, सङ्केत, विश्मय, प्रश्नार्थ आदिको आशयलाई भाव भनिन्छ । अर्थका आधारमा वाक्यलाई निम्नानुसार वर्गीकरण गरिन्छ :

#### (क) सामान्यार्थ वाक्य

भाव वा वृत्तिका दृष्टिले क्रियापदमा छुट्टै रूप नलिने अथवा वाक्यको सामान्यकथन वा अवधारणा मात्र बुझाउने वाक्यलाई सामान्यार्थक भनिन्छ (अधिकारी, २०७५ : १२९) । सामान्यार्थ वाक्यले कुनै विषयका बारेमा सूचना प्रदान गर्दछ । जस्तै :

(अ) राम किताब पढ्छ ।

(आ) म भोली आउँछु ।

(इ) कमला रेडियो सुन्दैछे ।

(ई) रेशम घर जान्छ ।

#### (ख) प्रश्नार्थक वाक्य

कसैलाई केही सोधिएको भाव जनाउने वाक्यलाई प्रश्नार्थक भनिन्छ (अधिकारी, २०७५ : २२९) । यसको निमार्ण प्रश्नबोधक चिह्नद्वारा हुन्छ । यस वाक्यमा प्रश्नार्थक पद ( को, के, कहाँ, कति कहिले ,कसरी आदि) रहन्छन् ।

(अ) हरि के खान्छ ?

(आ) राम भोलि आउँछ ?

(इ) तिम्रो विद्यालय कस्तो छ ?

(ई) भाइ लड्यो ?

**(ग) आज्ञार्थ वाक्य**

कुनै पनि काम गर्ने आदेश दिनुलाई आज्ञार्थ भनिन्छ । यसबाट आज्ञा, आदेश हुकुम जनाउने मनोभाव व्यक्त हुन्छ । जस्तै :

(अ) तिमी बजार जाऊ ।

(आ) गरिबलाई दान देऊ ।

(इ) तपाई घर जानुहोस् ।

(ई) तिमीहरू खाना खाओ ।

**(घ) इच्यार्थ वाक्य**

वाक्यमा क्रियाका रूपमा व्यक्त हुने वक्ता वा लेखकको इच्छा, अनुमति, प्रार्थना, आशिक, श्राप आदिको मनोभाव जनाउने वाक्यलाई ईच्छार्थ वाक्य भनिन्छ । जस्तै:

(अ) म यही बसूँ ।

(आ) ऊ घर जाओस् ।

(इ) हे इश्वर, म न्याय पाऊँ ।

(ई) हामी मिहिनेत गरेर पढौँ ।

**(ङ) सम्भावनार्थ**

अनुमान, सम्भावना, अनिश्चय आदिको भाव बुझाउने क्रियापदलाई सम्भावनार्थ भनिन्छ । यो अभूत कालमा हुन्छ ।

(अ) रमेश डाक्टर होला ।

(आ) म भात खाउँला ।

(इ) हामी घुम्न जाऔँला ।

(ई) उनीहरू काम गर्दै होलान् ।

उक्त वाक्यमा होला र खाउँला क्रियापदले अनिश्चित सम्भावनालाई प्रकट गरेको छ । रमेश डाक्टर हुने र नहुने दुवै सम्भावनार्थ देखाएको छ त्यस्तै भात खाने र नखाने दुवै सम्भावनार्थ देखाइएको छ ।

### २.२.३ वाक्य रचनाका आधारभूत पक्षहरू

भाषाको प्रकृति अनुसार वाक्य रचनाको स्वभाव तथा पक्षमा पनि अन्तर आउँछ । वाक्य रचनाअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी संयोजक, विस्मयादिबोधक र निपात आदि पदवर्गका साथै वचन, लिङ्ग, पुरुष, काल, पक्ष, वाच्य आदि पर्दछन् । नेपाली भाषामा वाक्य रचनाका पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य, भावको सैद्धान्तिक जानकारी निम्नानुसार उल्लेख गरिएको छ :

#### २.२.३.१ लिङ्ग

पुरुष या स्त्रीजाति छुट्याउन विभेदक चिन्हित पदहरू नै लिङ्ग हुन (भट्टराई र ढुङ्गेल, २०६६ : ५८) । वाक्य रचनाको महत्त्वपूर्ण पक्ष लिङ्गलाई मानिन्छ । लिङगको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ ।

नेपाली भाषाका लिङ्गसम्बन्धी उदाहरणहरू निम्नलिखित छन् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| (अ) सानो केटो आयो । | (अ)सानी केटी आई । |
| (आ) श्याम कविता लेख्छ । | (आ) रिता कविता लेख्छे । |
| (इ) भान्जा गीत गाउँछन् । | (इ) भान्जी गीत गाउँछिन् । |
| (ई) भाइ फूल टिप्छ । | (ई) बहिनी फूल टिप्छे । |

### २.२.३.२ **वचन**

एक वा अनेकको बोध गराउने पदहरू नै वचन हुन् । वचन दुई प्रकारका हुन्छन् एकवचन र बहुवचन । एउटा वस्तुलाई सङ्केत गर्ने पदलाई एकवचन भनिन्छ भने एकभन्दा बढी वस्तुलाई सङ्केत गर्ने पदलाई बहुवचन भनिन्छ । जस्तै :

| एकवचन | बहुवचन |
|---|---|
| (अ)म घर गए । | (अ) हामी घर गयौँ । |
| (आ)ऊ आयो । | (आ) उनीहरू आए । |
| (इ)राम्रो फूल फुल्यो | (इ) राम्रा फूलहरू फुले । |
| (ई) त्यो केटो आयो । | (ई) ती केटाहरू आए । |

### २.२.३.३ **पुरुष**

अभिव्यक्तिमा संलग्न सहभागीको प्रकृतिलाई जनाउने व्याकरणत्मक कोटिलाई पुरुष भनिन्छ । पुरुष तिन प्रकारका हुन्छन् प्रथम, द्वितीय र तृतीय । जसले बोल्छ त्यो प्रथम पुरुष, सुन्ने द्वितीय र जसका बारेमा बोलिन्छ त्यो तृतीय पुरुष हो । पुरुषको अभिव्यक्ति सर्वनामसँग हुन्छ । जस्तै :

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| (अ)म विदेश जान्छु । | (अ) तँ बजार जान्छस् । | (अ) ऊ बजार जान्छ । |
| (आ) हामी पुस्तक पढ्छौँ | (आ) तिमी पुस्तक पढ्छौ । | (आ) उनीहरू पुस्तक पढ्छन् । |
| (इ) मैले चिठी लेखेँ । | (इ) तिमीले चिठी लेख्यौ । | (ई) उनले चिठी लेखे । |
| (ई) म रोएँ । | (ई) तिमी रोयौ । | (ई) त्यो रोयो । |

### २.२.३.४ आदर

वक्ता, श्रोता र सन्दर्भ व्यक्तिका बिचको सामाजिक सम्बन्ध निर्देश गर्ने व्याकरणिक एकाइलाई आदर भनिन्छ । आदर द्वितीय र तृतीय पुरुषसँग सम्बन्धित हुन्छ । नेपाली भाषामा आदरलाई निम्न, सामान्य, उच्च र उच्चतम गरी विभाजन गरीएको छ । जस्तै :

| | |
|---|---|
| (अ)निम्न आदर : | तँ क्याम्पस जा । |
| (आ) सामान्य आदर : | तिमी क्याम्पस जाऊ । |
| (इ) उच्च आदर : | तपाई क्याम्पस जानुहोस् । |
| (ई) उच्चातम आदर : | हजुर क्याम्पस गई बक्सियोस् । |

### २.२.३.५ काल

समयको बोध गराउने व्याकरणात्मक कोटिलाई काल भनिन्छ । कर्ताले गरेको काम वा घटनाको समयलाई सङ्केत गर्ने व्याकरणात्मक कोटि काल हो । काल क्रियाको समय सङ्केत कोटि हो । सामान्यतः जसरी बाह्य जगतमा समयलाई भूत, वर्तमान र भविष्यत् काल गरी तिन क्षेत्रमा विभाजन गरिन्छ । त्यसरी नै व्याकरणात्मक काललाई पनि तिन भागमा विभाजन गर्न सकिन्छ । कालहरू व्याकरणात्मक आधारमा एक अर्काबाट विभेदक मानिन्छन् (अधिकारी, २०७५ : १३०) । क्रियाका आधारमा काललाई भूत र अभूत गरी विभाजन गरिन्छ । जस्तैः

| | |
|---|---|
| भूतकाल | अभूत काल |
| | वर्तमान काल, भविष्यत् काल । |

(क) भूतकाल

कुनै पनि घटना या कार्य व्यापार कथन समयभन्दा पहिले नै भई सकेको छ भन्ने कुराको निर्देश गर्ने क्रियापदलाई भूतकाल भनिन्छ । भूतकाल जनाउनका लागि हिजो, अस्ति, एक वर्ष अघि जस्ता समयबोधक क्रियाविशेषण लान्दछन् । जस्तै :

(अ) भैसीले दुध दियो ।

(आ) निसनले भात खायो ।

(इ) हिजोसम्म पहिरो जाँदै थियो ।

(ख) **अभूतकाल**

कथन समयभन्दा पछि हुने वा हुँदै गरेको क्रियाको समयलाई भूतकाल भनिन्छ । यसमा भविष्य र वर्तमानकाल पर्दछन् । वर्तमानकालमा हुँदै गरेको र भविष्यतकालमा पछि हुने कुराको सङ्केत गर्दछ । वर्तमानकालीन क्रियापदको अन्त्यमा छ, छिन, छौ जस्ता धातुको प्रयोग हुन्छ । भविष्यकालको अन्त्यमा नेछ, नेछन्, नेछिन्, नेछौ , जस्ता क्रियापदको प्रयोग हुन्छ ।

| वर्तमान काल | भविष्यत् काल |
|---|---|
| (अ) केटाले लेख लेख्छ । | (अ) केटाले लेख लेख्नेछ । |
| (आ) म गीत गाउँछु । | (आ) म गीत गाउनेछु । |
| (इ) राम चिठी लेख्छ । | (इ) रामले चिठी लेख्नेछ । |
| (ई) बहिनीले फूल रोप्छे । | (ई) बहिनीले फूल रोप्ने छे । |

**२.२.३.६ पक्ष**

कार्यव्यापार वा घटनाको प्रक्रिया या अवस्थालाई कालिक सापेक्षतामा निर्देशन गर्ने क्रियापद नै पक्ष हुन (भट्टराई र ढुङ्गेल, २०६६ : ७४) । पक्षले काम हुँदै गरेको, सकिएको वा कस्तो स्थितिमा रहेको छ भन्ने जानकारी दिन्छ । काल भनेको सिङ्गो विभाजन हो पक्ष भनेको त्यस समयभित्र घटित कार्यको स्थिति हो । नेपाली भाषामा पक्षलाई सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त, अज्ञात गरी पाँच भागमा विभाजन गरिएको छ । भूतकालसँग यी पाँच वटै पक्ष सम्बन्धित छन् भने अभूत कालसँग सामान्य , पूर्ण, अपूर्ण मात्र सम्बन्धित छन् ।

सामान्य पक्ष : हरिले खाजा खायो ।

अपूर्ण पक्ष : हरिले खाजा खाँदै थियो ।

पूर्ण पक्ष : हरिले खाजा खाएको थियो ।

अभ्यस्त पक्ष : हरिले खाजा खान्थ्यो ।

अज्ञात पक्ष : हरिले खाजा खाएछ ।

### २.२.३.७ वाच्य

वाच्यमा कर्ता, कर्म र भावको काम बुझाउँदा फेरिने क्रियाको रूपलाई वाच्य भनिन्छ (पराजुली, २०४२:१११) । कर्ता, कर्म र भावसँग क्रियापदको सम्बन्ध फेर्दा वाक्यको अर्थमा कुनै परिवर्तन हुँदैन । वाच्यमा कर्मको, कर्ताको र क्रियाको प्राधान्य रहन्छ । वाक्य क्रियाको सम्बन्ध कर्तासँग रहँदा कर्ता प्रधान हुन्छ, क्रियाको सम्बन्ध कर्मसँग रहँदा कर्म प्रधान हुन्छ र क्रियाको सम्बन्ध कर्ता र कर्मसँग नरही सोही क्रियाको भावसँग रहँदा भाव प्रधान हुन्छ । वाच्य कर्तृ, कर्म र भाव गरी तिन प्रकारका हुन्छन् ।

**(क) कर्तृवाच्य**

वाक्यमा कर्ता प्रधान वा मुख्य भइ प्रयोग हुने व्याकरणात्मक युक्तिलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यको प्रयोग सकर्मक र अकर्मक दुवै क्रियामा हुन्छ । जस्तै :

(अ) म घर जान्छु ।

(आ) तिमी कहिले जान्छौ ?

(इ) रमिला चिठी लेख्छे ।

(ई) उनीहरू फूल रोप्छन् ।

**(ख) कर्मवाच्य**

जुन वाक्यमा कर्म मुख्य हुन्छ त्यसअनुसार हुने क्रियापद कर्मवाच्य हो ( पराजुली, २०४२ : १११) । कर्तृवाच्यबाट कर्मवाच्यमा परिवर्तन गर्दा बाट, द्वाराको प्रयोग गरिन्छ । जस्तै :

(अ) रमिलाद्वारा चिठी लेखिन्छ ।

(आ) मबाट किताब पढिन्छ ।

(इ) गीताद्वारा भाइ पिटियो ।

(ई) प्रहरीद्वारा चोरहरू समातिए ।

(ग) **भाववाच्य**

जुन वाक्यमा भाव मुख्य हुन्छ, त्यस अनुसार हुने क्रियापद भाववाच्य हो । यो अकर्मक क्रियामा मात्र हुन्छ । यसको क्रिया तृतीय पुरुष एकवचन पुलिङ्गि हुन्छ । जस्तै :

(अ) आफू त हाँसियो ।

(आ) सीताद्वारा गीत गाइयो ।

(इ) आफू त हिँडिन्छ ।

(ई) आज त खुब थाकियो ।

### २.२.४ वाक्य रचनासम्बन्धी अध्ययनको आवश्यकता र महत्त्व

भाषा मानवीय विचार तथा भावना र अनुभवहरूको आदान प्रदान गर्ने सबैभन्दा महत्त्वपूर्ण साधन हो । भाषालाई जीवन्तता दिने काम वाक्यले गर्दछ । ध्वनि, वर्ण, शब्द र पदावलीलाई भाषिक रूप दिने प्रक्रिया वाक्य रचना हो भने तिनीहरूको उचित प्रयोग गर्न सक्नु क्षमता हो । यसरी वाक्य निर्माण गर्दा लिङ्ग, वचन, पुरुष, कालका सङ्गति मिलाई वाक्य निर्माण गर्न सक्ने क्षमतालाई वाक्य रचना क्षमता भनिन्छ । वाक्य रचना विद्यार्थीहरूको स्तरयुक्तता र उपयुक्तताको पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो । यो विद्यार्थीहरूको पूर्व शैक्षिक अनुभव र ज्ञानसँग सम्बन्धित हुन्छ । त्यसैले जीवनका भाषिक व्यवहारमा उपयुक्त ढङ्गले वाक्यको प्रयोग गर्न सक्ने हुनु आवश्यक छ ।

वाक्यहरूको निर्माण नै वाक्य रचना हो । वाक्य निर्माण वा वाक्य रचनामा शब्दहरूलाई व्याकरणिक नियमअनुसार राख्नुपर्दछ । अनावश्यक शब्दहरू थोपरेर मात्र वाक्य बन्दैन । वाक्य रचनाका दृष्टिले स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृत्ति प्रशस्त पाइन्छ । यो समस्या समाधानका लागि प्रभावकारी र उपयुक्त वाक्य रचना सम्बन्धी सीपको शिक्षण हुनु जरुरी छ । भाषालाई ग्रहण अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन सोही अनुरूप वाक्यको उपयोग गर्ने सीप हासिल गराउन वाक्य रचना क्षमताको वृद्धि गर्नु भाषा शिक्षणको अनिवार्य कार्य हो । त्यसैले निम्न कारणले ग र्दा मूल रूपमा वाक्य रचनासम्बन्धी अध्ययन हुनु आवश्यक देखिन्छ :

(क) वाक्य रचनाका आधारभूत कुराप्रति जानकारी गराउन,

(ख) विद्यार्थीहरूले आफ्ना वातावरणबाट सिकेको भाषामा पाइने कमजोरीहरूको निराकरण गर्न,

(ग) स्तरीय नेपाली वाक्य रचनाको प्रयोगमा दक्ष बनाई भाषिक बोध र अभिव्यक्ति सीपमा प्रभावकारिता वृद्धि गर्न,

(घ) नेपाली भाषाका माध्यमबाट गरिने भाषिक अभिव्यक्तिलाई शिष्ट प्रभावपूर्ण र आकर्षण बनाउन

(ङ) वाक्य रचनामा पाइने अशुद्धि निराकरण गर्न,

(च) वाक्य रचनाका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, वाच्य आदिको बारेमा जानकारी प्रदान गर्न ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

अनुसन्धानका लागि आवश्यक स्रोत सामग्रीको सङ्कलन त्यसको परीक्षण र सत्यापन सम्मको समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ । शोधार्थीले गर्न लागेको शोधकार्य कुन ढाँचा तथा तरिका अपनाएर गर्ने भन्ने अध्ययनको विधि र प्रक्रिया अन्तर्गत रहन्छ । प्रस्तुत अनुसन्धान सम्पन्न गर्नका लागि विभिन्न विधिहरूको अवलम्बन गरिएको छ । यो अध्ययन स्थलगत अध्ययन विधिमा आधारित रहेको छ । यस अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको पहिचान गर्ने विषय भएकाले प्रस्तुत शोधकार्यमा जनसङ्ख्याको पहिचान, नमुना छनोट, साधनको निमार्ण, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण गरिएको छ ।

## ३.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनका लागि शैक्षिक सत्र २०७५ सालमा खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यालयका विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

प्रस्तुत अध्ययनको प्रयोजन, समय, लागत, भौगोलिक कठिनाइ आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न कठिन हुने भएकाले सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व हुने गरी खोटाङ जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयलाई नमुना छनोटका रूपमा लिइएको छ । नमुना छनोटमा परेका प्रत्येक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा पर्ने गरी सामुदायिक विद्यालयका ४० जना र संस्थागत विद्यालयका ४० जना गरी जम्मा ८० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ । यसरी विद्यार्थी छनोट गर्दा यादृच्छिक नमुना छनोट विधि अन्तर्गत चिट्ठा विधिको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धानमा तथ्य सङ्कलनको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको छ :

### ३.३.१ साधनको निर्माण

प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरी सामग्री सङ्कलन गरिने भएकाले त्यसै अनुसार सामग्री निमार्ण गर्ने कार्य गरिएको छ । वाक्य रचनाका आठ वटा पक्षहरू लिङग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष वाच्यसँग सम्बन्धित भएर वस्तुगत प्रश्नका खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, जोडा मिलाउने र बहु वैकल्पिक गरी चारै किसिमका प्रश्नहरू त्यस्तै निर्देशन अनुसार वाक्य परिवर्तन गर्ने र स्वतन्त्र लेखनका प्रश्न पनि समावेश गरिएको छ । वाक्य रचनाका सबै पक्षबाट जम्मा ४० पूर्णाङ्क र स्वतन्त्र लेखन १० गरी जम्मा ५० पूर्णाङ्क निर्धारण गरिएको छ । विद्यार्थीहरूलाई प्रश्नपत्र मै उत्तर लेख्ने व्यवस्था मिलाइएको छ । निर्माण गरिएका प्रश्नावली, विद्यालयको नामावली, विद्यार्थीका नामावली, परिशिष्टमा उल्लेख गरिएको छ ।

### ३.३.२ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक स्रोत सामग्रीका रूपमा उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ । छनोट निमार्ण गरिएका साधनलाई आठ वटा विद्यालयका नमुना छनोटमा परेका विद्यार्थीहरूमा परीक्षण गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा छनोटमा परेका विद्यालयमा गई विद्यार्थी उपलब्ध गराइ दिनको लागि गरिएको अनुरोधपत्र पेश गरी सम्बन्धित विद्यालयले दिएको सल्लाह अनुसारको समयमा आठ वटै विद्यालयमा पालै पालो निर्मित्त प्रश्नावली विद्यार्थीहरूमा परीक्षण गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूलाई एकै कक्षाको एक लहरमा मिलाएर राखिएको छ र अन्य विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाई दिई परीक्षा दिइने विद्यार्थीहरूका लागि वातावरण शान्त बनाइएको छ, परीक्षाको समयका बारेमा विद्यार्थीहरूलाई जानकारी दिइएको छ । परीक्षणमा उत्तीर्ण अनुत्तीर्णको व्यवस्था नभएकाले विद्यार्थीहरूलाई निर्धक्कसँग उत्तर दिन प्रेरणा दिएको छ ।

## ३.४ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययनको लागि लिइएको परीक्षाबाट प्राप्त उत्तरपुस्तिकाको परीक्षण गरी नतिजाका आधारमा सम्पूर्ण विद्यार्थीको वाक्य रचना क्षमता के कस्तो रह्यो, कुन पक्षमा कति मिलाए भनी परीक्षण

गरिएको छ । प्रस्तुत अध्ययन परिमाणात्मक प्रकृतिको हुने भएकाले प्राथमिक स्रोतबाट प्राप्त सामग्रीलाई मूलतः विद्यार्थीहरूले वाक्य रचनाका विभिन्न पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य कुन पक्षमा कस्तो नतिजा प्राप्त गरेका छन्, तिनको उत्तर कुञ्जिका निमार्ण गरी उत्तर पुस्तिकाको परीक्षण गरिएको छ । उत्तरपुस्तिका परीक्षण गर्दा पदसङ्गतिलाई आधार बनाइयो । सम्पूर्ण विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा मध्यमान निकाली मध्यमान भन्दा माथि कति र तल कति-कति प्रतिशत विद्यार्थी रहेका छन् भनी गणना गरिएको छ । परीक्षणबाट प्राप्त अङ्कलाई छात्रछात्रा, सामुदायिक र संस्थागत विद्यालयको आधारमा विद्यार्थीको क्षमतालाई समूहगत रूपमा वर्गीकरण, तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । यसमा ५० पूर्णाङ्कको प्रश्नपत्र समेटिएकाले ४१-५० को बिचमा अङ्क ल्याउने विद्यार्थीहरूलाई उच्च स्तरमा ३१ देखि ४० को बिचमा अङ्क ल्याउने विद्यार्थीलाई मध्यस्तरमा २१ देखि ३० को बिचमा अङ्क ल्याउने विद्यार्थीहरूलाई निम्न स्तरमा राखिएको छ भने १ देखि २० अङ्क ल्याउने विद्यार्थीहरूलाई कमजोर मानेर व्याख्या विश्लेषण गरियो ।

अध्याय चारको तालिका १ देखि ९ सम्म खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचनाको विश्लेषण गरिएको छ । अध्याय पाँचमा तालिका १० देखि १८ सम्म छात्र र छात्राका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अध्याय छको तालिका १९ देखि २६ सम्म सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ ।

# अध्याय चार

# खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचनाको विश्लेषण

प्रस्तुत शोधपत्र खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा ४ वटा सामुदायिक २४ वटा संस्थागत विद्यालयका जम्मा ८० जना विद्यार्थीहरूको समग्रमा वाक्य रचना क्षमता, छात्रछात्राका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमता र सामुदायिक संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको वाक्य रचनाको विश्लेषण

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, वाच्यलाई आधार बनाइएको छ । यहाँ समग्र विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

समग्र विद्यार्थीहरूको वाक्य रचनाको स्थिति

| विद्यार्थी सङ्ख्या | कमजोर | | निम्न | | मध्यम | | उच्च | |
|---|---|---|---|---|---|---|---|---|
| | १-२० | | २१-३० | | ३१-४० | | ४१-५० | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १८ | २२.२५ | १६ | २० | ३१ | ३८.७५ | १५ | १८.७५ |

माथिको तालिकामा समग्र विद्यार्थीहरूको वाक्य रचना क्षमताको परीक्षणबाट प्राप्त प्राप्ताङ्क गणना गरिएको छ । यहाँ नमुना छनोटमा परेका कुल ८० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई क्षमता प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । उक्त तालिकाका आधारमा भन्नुपर्दा सबै भन्दा तल्लो श्रेणीको रूपमा १-२० सम्म अङ्क ल्याउने

१८ जना अर्थात् २२.२५ प्रतिशत रहेको पाइयो भने उच्च श्रेणीका रूपमा ४१-५० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १५ जना अर्थात् १८.७५ प्रतिशत रहेको पाइयो । त्यसैगरी मध्यम श्रेणीका रूपमा ३१ देखि ४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३१ जना अर्थात् ३८.७५ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमता मध्यम खालको रहेको पाइन्छ । १-२० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूले वाक्य रचनाका वाच्य, पुरुष जस्ता पक्षहरूमा बढी गल्ती गरेका र अन्य पक्षहरूमा कम गल्ती गरेको पाइयो ।

### ४.१.१ लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको लिङ्गगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २

लिङ्गगत क्षमताको स्थिति

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
| --- | --- | --- |
| ५ वटा प्रश्न मिलाउने | ४६ | ५७.५ |
| ४ वटा प्रश्न मिलाउने | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | ९ | ११.२५ |
| २ वटा प्रश्न मिलाउने | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | ५ | ७.२५ |

लिङ्ग सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये ४६ जना अर्थात् ५७.५ प्रतिशत विद्यार्थीहरूले ५ वटै प्रश्नको सही प्रतिक्रिया दिइएको पाइयो भने ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिइएको पाइयो ।

माथिको तालिका अनुसार लिङ्गगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका *विद्यार्थीहरूले भाइ राम्रो चित्र ......... (बनाउ)* लाई पुलिङ्गमा परिवर्तन गर्दा भाइ राम्रो चित्र बनायो । *भान्जा आए* वाक्यलाई स्त्रीलिङ्ग वाक्यमा परिवर्तन गर्दा भान्जा आइन, भान्जी आए, त्यसैगरी *भान्जी इमान्दार थिइन्* वाक्यलाई पुलिङ्ग वाक्यमा परिवर्तन गर्दा भान्जी इमान्दार थियो जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले लिङ्गभेद देखाएको पाइएन ।

### ४.१.२ वचनका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको वचनगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ :

तालिका ३

वचनगत क्षमताको स्थिति

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ५ वटा प्रश्न मिलाउने | ४८ | ६० |
| ४ वटा प्रश्न मिलाउने | ७ | ८.७५ |
| ३ वटा प्रश्न मिलाउने | १५ | १८.७५ |
| २ वटा प्रश्न मिलाउने | ९ | ११.२५ |
| १ वटा प्रश्न मिलाउने | १ | १.२५ |

वचन सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रशनहरूमा ८० जना विद्यार्थीहरूमध्ये ४८ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूले ५ वटै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो ।

वचनगत वाक्य रचना गर्दा गत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *ऊ गायक बन्यो* वाक्यलाई बहुवचनमा परिवर्तन गर्दा ऊ गायक छ, उनीहरू गायक बन्यो, त्यसैगरी *केटाहरू फुटबल खेल्छन्,* वाक्यलाई एकवचनमा परिवर्तन गर्दा केटा फुटबल खेल्छ, त्यसैगरी *बहिनीहरू गए* वाक्यलाई एक वचनमा परिवर्तन गर्दा बहिनी गए जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले वचनगत भेद देखाएका छैनन् ।

### ४.१.३ पुरुषका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको पुरुषगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४

पुरुषगत क्षमताको स्थिति

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ४ वटा प्रश्न मिलाउने | ११ | १३.७२ |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ |
| २ वटा प्रश्न मिलाउने | ३० | ३७.५ |
| १ वटा प्रश्न मिलाउने | २८ | ३५ |
| कुनै पनि प्रश्न नमिलाउने | ५ | ६.२५ |

माथिको तालिका अनुसार वचन सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका चारवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये ११ जना अर्थात् १३.७५ प्रतिशत विद्यार्थीहरूले चारवटै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ६९ जना अर्थात् ८६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो । जसमा ५ जना अर्थात् ६.२५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन ।

माथिका तालिका अनुसार पुरुषगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *ऊ विद्यालय जान्छ* वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्दा हामीहरू विद्यालय जान्छौ, उनी विद्यालय जान्दिन । त्यसैगरी *हामी विद्यालय जान्छौं* वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्दा ऊ बजार जान्छ, जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले पुरुषगत भेद देखाएका छैनन् ।

### **४.१.४ आदरका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण**

विद्यार्थीहरूको आदरगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५**

**आदरगत क्षमताको स्थिति**

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ५ वटा प्रश्न मिलाउने | १४ | १७.५ |
| ४ वटा प्रश्न मिलाउने | १० | १२.५ |
| ३ वटा प्रश्न मिलाउने | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | २० | १२.५ |
| कुनै पनि प्रश्न नमिलाउने | १ | १.२५ |

माथिको तालिका अनुसार आदर सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्ने सोधिएका पाँचवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये १४ जना अर्थात् १७.५ प्रतिशत विद्यार्थीहरूले ५ वटै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ६६ जना अर्थात् ८२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिइएको पाइयो । गलत प्रतिक्रिया दिनेमध्ये एकजना विद्यार्थी ५ वटै प्रश्नको गलत प्रतिक्रिया दिएको पाइयो ।

माथिको तालिका अनुसार आदरगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका *विद्यार्थीहरूले तपाईं किताब ........... । (पढ)* लाई उच्च आदरमा परिवर्तन गर्दा तपाईं किताब पढ्नुपर्छ, *तिमी विद्यालय जाऊ* वाक्यलाई निम्न आदरमा परिवर्तन गर्दा तपाईं विद्यालय जानुहोस्, त्यसैगरी *तिमी घर जाऊ* वाक्यलाई उच्चतम आदरमा परिवर्तन गर्दा तपाईं घर जानुहोस् जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले आदरगत भेद देखाएको पाइएन ।

### ४.१.५ भावका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको भावगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६**

**भाव/अर्थगत क्षमताको स्थिति**

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ५ वटा प्रश्न मिलाउने | ३० | ३७.५ |
| ४ वटा प्रश्न मिलाउने | २१ | २६.२५ |
| ३ वटा प्रश्न मिलाउने | ११ | १३.७५ |
| २ वटा प्रश्न मिलाउने | १० | १२.५ |
| १ वटा प्रश्न मिलाउने | ८ | १० |

माथिको तालिका अनुसार भावगत वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये ३० जना अर्थात् ३७.५ प्रतिशत विद्यार्थीहरूले पाँचवटै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ५० जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो ।

मथिको तालिका अनुसार भावगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *तिमी स्कुल जान्छौ* वाक्यलाई आज्ञार्थ वाक्यमा परिवर्तन गर्दा तिमी स्कुल गयो भनी वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले भावगत भेद देखाएका छैनन् ।

### ४.१.६ पक्षका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको पक्षगत वाक्य रचना क्षमताको लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७**

**पक्षगत क्षमताको स्थिति**

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ६ वटा प्रश्न मिलाउने | ४५ | ५६.२५ |
| ५ वटा प्रश्न मिलाउने | ९ | ११.२५ |
| ४ वटा प्रश्न मिलाउने | ५ | ६.२५ |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ |
| २ वटा प्रश्न मिलाउने | ५ | ६.२५ |
| १ वटा प्रश्न मिलाउने | - | - |
| कुनै पनि प्रश्न नमिलाउने | १० | १२.५ |

माथिको तालिका अनुसार पक्षगत वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका छवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये ४५ जना अर्थात् ५६.२५ प्रतिशत विद्यार्थीहरूले छवटै प्रश्नको सही प्रतिक्रिया दिएका पाइयो भने ३५ जना अर्थात् ४३.७५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो । गलत प्रतिक्रिया दिने मध्ये १० जना अर्थात् १२.५ प्रतिशत विद्यार्थीहरूले दशवटा प्रश्नमध्ये कुनै प्रश्नको पनि सही प्रतिक्रिया दिइएको पाइएन ।

माथिको तालिका अनुसार वाक्य रचना गर्दा गलत प्रतिक्राय दिएका विद्यार्थीहरूले *भाइ बजार गयो* वाक्यलाई अज्ञात भूतमा परिवर्तन गर्दा भाइ बजार गयोछन्, त्यसैगरी *सन्तमानले धेरै चित्र ......... (बनाउ)* लाई अपूर्ण भूतमा परिवर्तन गर्दा सन्तमानले धेरै चित्र बनाउँछ, त्यसैगरी *हरि नाच्दै थियो* वाक्यलाई अपूर्ण भविष्यतमा परिवर्तन गर्दा हरि नाच्दै हुन्छ जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा विद्यार्थीहरूले पक्षगत भेद देखाएको पाइएन ।

### ४.१.७ कालका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीको कालगत वाक्य रचना क्षमताका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ८**

**कालगत क्षमताको स्थिति**

| प्रश्न सङ्ख्या | विद्यार्थी सङ्ख्या | क्षमता प्रतिशत |
|---|---|---|
| ५ वटा प्रश्न मिलाउने | ३५ | ४३.७५ |
| ४ वटा प्रश्न मिलाउने | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | १४ | १७.५ |
| २ वटा प्रश्न मिलाउने | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | ५ | ६.२५ |
| कुनै पनि नमिलाउने | ६ | ७.५ |

माथिको तालिका अनुसार कालगत वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएको पाँच प्रश्नमा ८० जना विद्यार्थीहरूमध्ये सही प्रतिक्रिया दिएका थिए भने ३५ जना अर्थात् ४३.७५ प्रतिशत विद्यार्थीहरूले पाँचवटै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो । ४५ जना अर्थात् ५६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो ।

माथिको तालिका अनुसार कालगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *मैले भाइ बहिनीहरूलाई काठमाडौँ ........ घुमाउ*लाई भविष्यत् कालमा परिवर्तन गर्दा मैले भाइ बहिनीहरूलाई काठमाडौँ घुमाए, घुमाउछु भनी वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा कतिपय विद्यार्थीहरूले कालगत भेद देखाएको पाइएन ।

### ४.१.८ वाच्यका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको वाच्यगत वाक्य रचना क्षमताका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ९**

**वाच्यगत क्षमताको स्थिति**

| | | |
|---|---|---|
| ५ वटा प्रश्न मिलाउने | - | - |
| ४ वटा प्रश्न मिलाउने | १६ | २० |
| ३ वटा प्रश्न मिलाउने | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | १२ | १५ |
| कुनै पनि प्रश्न नमिलाउने | ७ | ८.७५ |

माथिको तालिका अनुसार वाच्य सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ८० जना विद्यार्थीमध्ये ५ वटा प्रश्नको सही प्रतिक्रिया कुनै विद्यार्थीले दिएको पाइएन । त्यसैगरी १६ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरूले ४ वटा प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ६४ जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका पाइयो । यसरी  गलत प्रतिक्रिया दिनेमध्ये ७ जना अर्थात् ८.७५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएका पाइएन ।

माथिको तालिका अनुसार वाच्यगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *उनी नाच्छिन* वाक्यलाई भाववाच्यमा परिवर्तन गर्दा उनी आफै नाच्छिन्, उ नाच्छ त्यसैगरी *राम कथा लेख्छ* वाक्यलाई कर्म वाच्यमा परिवर्तन गर्दा रामद्वारा कथा लेखियो, राम कथा लेख्ने थियो जस्ता वाक्य निर्माण गरेको पाइयो । यसरी हेर्दा अधिकांश विद्यार्थीहरूमा वाच्य सम्बन्धी ज्ञान कमजोर भएको पाइयो ।

### ४.१.९ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण

विद्यार्थीहरूको वाक्य रचना क्षमता अध्ययन गर्ने क्रममा खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवाढी नगरपालिकाका ८ वटा विद्यालयमा गएर सामग्री सङ्कलन गरिएको थियो । सामग्री सङ्कलनका लागि वस्तुगतका चारै प्रकार, निर्देशन अनुसार वाक्य परिवर्तन गर्ने र स्वतन्त्र लेखन जस्ता प्रश्नका माध्यमबाट लिखित परीक्षा गरिएको थियो । स्वतन्त्र लेखनका लागि १० र अन्य ४० गरी जम्मा ५० पूर्णाङ्क निर्धारण गरिएको थियो । यहाँ सम्पूर्ण विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानेर त्यसको आधारमा मध्यमान निकालिएको छ, जसलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १०**

**मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ३१ | ४६ | २७.५ | ३४ | ४२.५ |

माथिको तालिका अनुसार कक्षा आठमा अध्ययनरत ८० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३१ रहेको छ । यस मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ४६ जना अर्थात् ५७.५ प्रतिशत रहेका छन् भने मध्यमानभन्दा तल ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमता मध्यम खालको रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय पाँच

# छात्र र छात्राका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका अन्तर्गत रहेका ८ वटा विद्यालयका ४० जना छात्र र ४० जना छात्रा गरी जममा ८० जना विद्यार्थीहरूको तुलनात्मक अध्ययन निम्नलिखित शीर्षकमा गरिएको छ :

## ५.१ लिङ्गका आधारमा छात्रछात्राहरूको वाक्यरचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राका आधारमा लिङ्गगत वाक्यरचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा देखाइएको छ :

तालिका ११

लिङ्गगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | २० | २५ | २६ | ३२.५ | ४६ | ५७.५ |
| ४ वटा प्रश्न मिलाउने | ६ | ७.५ | २ | २.५ | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ४ | ५ | ९ | ११.२५ |
| २ वटा प्रश्न मिलाउने | ७ | ८.७५ | ५ | ६.२५ | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | २ | २.५ | ३ | ३.७५ | ५ | ७.५ |

माथिको तालिका अनुसार लिङ्ग सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रामध्ये २० जना अर्थात् २५ प्रतिशत छात्रहरूले र २६ जना अर्थात् ३२.५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही

प्रतिक्रिया दिएको पाइयो भने २० जना अर्थात् २५ प्रतिशत छात्रहरूले र १४ जना अर्थात् १७.५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिइएको पाइयो । यसरी समग्रमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको लिङ्गगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

लिङ्गगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्रछात्राहरूले *भान्जी इमान्दार थिइन्,* वाक्यलाई पुलिङ्ग वाक्यमा परिवर्तन गर्दा भान्जी इमान्दार छैनन्, *भान्जा आए* वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्दा भान्जी आएछिन् जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.२ वचनका आधारमा छात्रछात्राहरूको वाक्यरचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राका आधारमा वचनगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२

वचतगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | २५ | ३१.२५ | २३ | २८.७५ | ४८ | ६० |
| ४ वटा प्रश्न मिलाउने | ४ | ५ | ३ | ३.७५ | ७ | ८.७५ |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ९ | ११.२५ | १५ | १८.७५ |
| २ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ४ | ५ | ९ | ११.२५ |
| १ वटा प्रश्न मिलाउने | ० | ० | १ | १.२५ | १ | १.२५ |

माथिको तालिका अनुसार वचन सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रामध्ये २५ जना अर्थात् ३१.२५

प्रतिशत छात्रहरूले र २३ जना अर्थात् २८.७५ छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने १५ जना अर्थात् १८.७५ प्रतिशत छात्रहरूले र १७ जना २१.२५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिइएको पाइयो । यसरी समग्रमा हेर्दा छात्रहरूको तुलनामा छात्रहरूको वचनगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

वचनगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्र छात्राहरूले *ऊ गायक बन्यो*। वाक्यलाई बहुवचनमा परिवर्तन गर्दा उनीहरू गायक बन्छ, *केटाहरू फुटबल खेल्छन्* वाक्यलाई एकवचनमा परिवर्तन गर्दा *राम फुटबल खेल्छ* त्यसैगरी *बहिनीहरू गए* वाक्यलाई एकवचनमा परिवर्तन गर्दा बहिनी गए जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.३ पुरुषका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राका आधारमा पुरुषगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १३**

पुरुषगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ५ | ६.२५ | ११ | १३.७५ |
| ३ वटा प्रश्न मिलाउने | ४ | ५ | २ | २.५ | ६ | ७.५ |
| २ वटा प्रश्न मिलाउने | १७ | २१.२५ | १३ | १६.२५ | ३० | ३७.५ |
| १ वटा प्रश्न मिलाउने | १० | १२.५ | १८ | २२.५ | २८ | ३५ |
| कुनै पनि प्रश्न नमिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ६.२५ |

माथिको तालिका अनुसार पुरुष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका चारवटा प्रश्नमा ४० जना छात्र र ४० ज ना छात्राहरूमध्ये ६ जना अर्थात् ७५ प्रतिशत छात्रहरूले र ५ जना अर्थात् ६.२५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही जवाफ दिएको पाइयो भने ३४ जना अर्थात् ४२.५ प्रतिशत छात्रहरूले र ३५ जना अर्थात् ४३.७५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएका पाइयो । गलत प्रतिक्रिया दिने छात्रछात्रामध्ये ३ जना अर्थात् ३.७५ प्रतिशत छात्रहरूले र २ जना अर्थात् २.२५ प्रतिशत छात्रहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिइएको पाइएन । यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको पुरुषगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

पुरुषगत वाक्य रचना रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्रछात्राहरूले *ऊ विद्यालय जान्छ* वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्दा तिमी विद्यालय जाउन, उहाँ विद्यालय जानुहुन्छ र *हामी बजार जान्छौँ* वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्दा तिमी बजार जान्छौ जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.४ भाव/अर्थका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राका आधारमा भावगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १४**

**भावगत आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | १८ | २२.५ | १२ | १५ | ३० | ३७.५ |
| ४ वटा प्रश्न मिलाउने | १२ | १५ | ९ | ११.२५ | २१ | २६.२५ |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ५ | ६.२५ | ११ | १३.७५ |
| २ वटा प्रश्न मिलाउने | २ | २.५ | ८ | १० | १० | १२.५ |
| १ वटा प्रश्न मिलाउने | २ | २.५ | ६ | ७.५ | ८ | १० |

माथिको तालिका अनुसार भाव सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रामध्ये १८ जना अर्थात् २२.५ प्रतिशत छात्रहरूले र १२ जना अर्थात् १५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने २२ जना अर्थात् २७.५ प्रतिशत छात्रहरूले र २८ जना अर्थात् ३५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइयो । यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको भावगत वाक्य रचना क्षमता सबल रहेको देखिन्छ ।

भावगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्र छात्राहरूले *तिमी स्कुल जान्छौ* वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्दा तिमी स्कुल गयो जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.५ आदरका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

छात्रछात्राको आधारमा आदरगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२

आदरगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | १० | १२.५ | ४ | ५ | १४ | १७.५ |
| ४ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ५ | ६.२५ | १० | १२.५ |
| ३ वटा प्रश्न मिलाउने | ११ | १३.७५ | १४ | १७.५ | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | १० | १२.५ | १० | १२.५ | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | ४ | ५ | ६ | ७.५ | १० | १२.५ |
| कुनै पनि प्रश्न नमिलाउने | ० | ० | १ | १.२५ | १ | १.२५ |

माथिको तालिका अनुसार आदर सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रामध्ये १० जना अर्थात् १२.५ प्रतिशत छात्रहरूले र ४ जना अर्थात् ५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ३० जना अर्थात् ३७.५ प्रतिशत छात्रहरूले र ३६ जना अर्थात् ४५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएका पाइयो । गलत प्रतिक्रिया दिनेमध्ये १ जना अर्थात् १.२५ प्रतिशत छात्राले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको आदरगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

आदरगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्रछात्राहरूले *तिमी विद्यालय जाऊ* वाक्यलाई निम्न आदरमा परिवर्तन गर्दा तपाई विद्यालय जानुहोस्, *तिमी स्कुल जाऊ* वाक्यलाई उच्चतम आदरमा परिवर्तन गर्दा तपाई घर जानुस् जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.६ कालका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राको आधारमा कालगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १६**

**कालगत आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | १८ | २२.५ | १७ | २१.२५ | ३५ | ४३.७५ |
| ४ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ३ | ३.७५ | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ८ | १० | १४ | १७.५ |
| २ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ६ | ७.५ | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ६.२५ |
| कुनै पनि प्रश्न नमिलाउने | २ | २.५ | ४ | ५ | ६ | ७.५ |

माथिको तालिका अनुसार कालगत वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएको एउटा प्रश्नमा ४० जना छात्र र ४० छात्रहरूमध्ये १८ जना अर्थात् २२.५ प्रतिशत छात्राहरू र १७ जना अर्थात् २५.२५ प्रतिशत छात्राहरू कालगत वाक्य रचना गर्दा सही प्रतिक्रिया दिएको पाइयो भने २२ जना अर्थात् २७.५ प्रतिशत छात्रहरू र २३ जना अर्थात् २८.७५ प्रतिशत छात्राहरूले कालगत वाक्य रचना रचना गर्दा गलत प्रतिक्रिया दिएको पाइयो । त्यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको कालगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

कालगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *मैले भाइबहिनीहरूलाई काठमाडौं ......... (घुमाउ)* लाई भविष्यत् कालमा परिवर्तन गर्दा घुमाउँछ क्रियापदको प्रयोग गरी वाक्य निर्माण गरेको पाइयो ।

## ५.७ वाच्यका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

छात्र र छात्राको आधारमा वाच्यगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १७**

**वाच्यगत आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | - | - | - | - | - | - |
| ४ वटा प्रश्न मिलाउने | १० | १२.५ | ६ | ७.५ | १६ | २० |
| ३ वटा प्रश्न मिलाउने | १४ | १७.५ | ११ | १३.७५ | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | ९ | ११.२५ | ११ | १३.७५ | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | ३ | ५ | ८ | १० | १२ | १५ |
| कुनै पनि प्रश्न नमिलाउने | ३ | ३.७५ | ४ | ५ | ७ | ८.७५ |

माथिको तालिका अनुसार वाच्य सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका पाँचवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रमध्ये सबै प्रश्नको सही प्रतिक्रिया कोही पनि छात्रछात्राहरूले दिएका पाइएन । त्यसैगरी १० जना अर्थात् १२.५ प्रतिशत छात्रहरूले र ६ जना अर्थात् ७.५ प्रतिशत छात्राहरूले ४ वटा प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने ३० जना अर्थात् ३७.५ प्रतिशत छात्रहरू ३४ जना अर्थात् ४२.५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइयो जसमध्ये ३ जना अर्थात् ३.७५ प्रतिशत छात्रहरूले र ४ जना अर्थात् ५ प्रतिशत छात्राहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको वाच्यगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

वाच्यगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्र छात्राहरूले *उनी नाच्छिन* वाक्यलाई भाव वाच्यमा परिवर्तन गर्दा उनीबाट नाचियो र *राम कथा लेख्छ* वाक्यलाई कर्म वाच्यमा परिवर्तन गर्दा रामले कथा लेखेको छ, राम कथा लेख्ने थियो जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ५.८ पक्षका आधारमा छात्रछात्राहरूको वाक्य रचना क्षमताको तुलनात्मक स्थिति

छात्र र छात्राको आधारमा पक्षगत वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षणबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १८**

**पक्षगत आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | छात्र | | छात्रा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६ वटा प्रश्न मिलाउने | २६ | ३२.५ | १९ | २३.७५ | ४५ | ५६.२५ |
| ५ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ४ | ५ | ९ | ११.२५ |
| ४ वटा प्रश्न मिलाउने | २ | २.५ | ३ | ३.७५ | ५ | ६.२५ |
| ३ वटा प्रश्न मिलाउने | १ | १.२५ | ५ | ६.२५ | ६ | ७.५ |
| २ वटा प्रश्न मिलाउने | १ | १.२५ | ४ | ५ | ५ | ६.२५ |
| १ वटा प्रश्न मिलाउने | - | - | - | - | - | - |
| कुनै प्रश्न नमिलाउने | ५ | ६.२५ | ५ | ६.२५ | १० | १२.५ |

माथिको तालिका अनुसार पक्ष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न सोधिएका छवटा प्रश्नमा ४० जना छात्र र ४० जना छात्रमध्ये २६ जना अर्थात् ३२.५ प्रतिशत छात्रहरूले र १९ जना अर्थात् २३.७५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइयो भने १४ जना अर्थात् १७.५ प्रतिशत छात्रहरूले र २१ जना अर्थात् २६.२५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइयो जसमा ५ जना अर्थात् ६.२५ प्रतिशत छात्रहरूले र ५ जना अर्थात् ६.२५ प्रतिशत छात्राहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको पक्षगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

पक्षगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका छात्रछात्राहरूले *भाई बजार गयो* वाक्यलाई अज्ञात भूतमा परिवर्तन गर्दा भाइ बजार जान्छ, *हरि नाच्दै थियो* वाक्यलाई अपूर्ण भविष्यतमा परिवर्तन गर्दा हरि नाच्दै छ र *हामी घुम्न ........ जा* लाई अभ्यस्त भूतमा परिवर्तन गर्दा हामी घुम्न जानेछौ जस्ता वाक्य निर्माण गरेको पाइयो ।

समग्रमा छात्र र छात्राहरूको तुलनात्मक अध्ययन गर्दा वाक्य रचनाका आठवटा पक्षहरूमध्ये लिङ्गगत वाक्य रचना क्षमतामा छात्रहरूको तुलनामा छात्राहरूको राम्रो रहेको पाइयो भने वचन, पुरुष, आदर, वाच्य, काल, पक्ष, भाव, पक्षमा छात्रहरूको तुलनामा छात्रहरूको वाक्य रचना क्षमता राम्रो रहेको पाइयो । यसरी समग्रमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

# सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाभित्रका ४ वटा सामुदायिक र चारवटा संस्थागत गरी जम्मा आठ वटा विद्यालयका ८० जना विद्यार्थीहरूमध्ये ४० जना सामुदायिकका र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गरिएको छ । वाक्य रचनाका आठ वटा पक्षहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाक्य आदर सम्बन्धी परीक्षणबाट प्राप्त नतिजालाई विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ :

## ६.१ लिङ्गका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको लिङ्ग सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १९

लिङ्गगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | १९ | २३.७५ | २७ | ३३.७५ | ४६ | ५७.५ |
| ४ वटा प्रश्न मिलाउने | ६ | ७.५ | २ | २.५ | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | ४ | ५ | ५ | ७.२५ | ९ | ११.२५ |
| २ वटा प्रश्न मिलाउने | ८ | १० | ४ | ५ | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ७.२५ |

माथिको तालिका अनुसार लिङ्ग सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न पाँचवटा प्रश्न सोधिएको थियो जसमा सबैवटा प्रश्नको सही प्रतिक्रिया दिने विद्यार्थी सङ्ख्या ४६ जना अर्थात् ५७.५ प्रतिशतमध्ये सामुदायिक विद्यालयका १९ जना र संस्थागत विालयका २७ जना अर्थात् क्रमशः २३.७५ र ३३.७५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ जसमध्ये सामुदायिक विद्यालयका २१ जना र संस्थागत विद्यालयका १३ जना अर्थात् क्रमशः २६.२५ र १६.२५ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लिङ्गगत वाक्य रचना क्षमतामा राम्रो रहेको देखिन्छ ।

लिङ्गगत वाक्य रचनामा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *भान्जा आए* वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्दा *भान्जीहरू आए, भान्जी इमान्दार थिइन्* वाक्यलाई पुलिङ्गमा परिवर्तन गर्दा भान्जी इमान्दार छ, भान्जा इमान्दार थियो जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.२ वचनका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूले वचन सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनको लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २०**

**वचतगन आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | २० | २५ | २८ | ३५ | ४८ | ६० |
| ४ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | २ | २.५ | ७ | ८.७५ |
| ३ वटा प्रश्न मिलाउने | ९ | ११.२५ | ६ | ७.५ | १५ | १८.७५ |
| २ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ४ | ५ | ९ | ११.२५ |
| १ वटा प्रश्न मिलाउने | १ | १.२५ | - | - | १ | १.२५ |

माथिको तालिका अनुसार वचनसम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न पाँचवटा प्रश्न सोधिएको थियो जसमा सबै वटा प्रश्नको सही प्रतिक्रिया दिने विद्यार्थी सङ्ख्या ४८ जना अर्थात् ६० प्रतिशतमध्ये सामुदायिक विद्यालयका २० जना र संस्थागत विद्यालयका २८ जना अर्थात् क्रमशः २५ र ३५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ३२ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । जसमध्ये सामुदायिक विद्यालयका २० जना र संस्थागत विद्यालयका १२ जना अर्थात् क्रमशः २५ र १५ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वचनगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

वचनगत वाक्य रचना रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *बहिनीहरू गए* वाक्यलाई एकवचनमा परिवर्तन गर्दा बहिनी गए, *ऊ गायक बन्यो* वाक्यलाई बहुवचनमा परिवर्तन गर्दा उनीहरू  गायक बन्छन्, त्यसैगरी *केटाहरू फुटबल खेल्छन्,* वाक्यलाई एकवचनमा परिवर्तन गर्दा केटो फुटबल खेल्छन् जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.३ पुरुषका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूले पुरुष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनको लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २१

पुरुषगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ६ | ७.५ | ११ | १३.७५ |
| ३ वटा प्रश्न मिलाउने | ३ | ३.७५ | ३ | ३.७५ | ६ | ७५ |
| २ वटा प्रश्न मिलाउने | १२ | १५ | १८ | २२.५ | ३० | ३७.५ |
| १ वटा प्रश्न मिलाउने | १५ | १८.७५ | १३ | १६.२५ | २८ | ३५ |
| कुनै पनि नमिलाउने | ५ | ६.२५ | ० | ० | ५ | ६.२५ |

माथिको तालिका अनुसार पुरुष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न चारवटा प्रश्न सोधिएको थियो जसमा सबै प्रश्नको सही प्रतिक्रिया दिने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् १३.७५ प्रतिशतमध्ये सामुदायिक विद्यालयका ५ जना र संस्थागत विद्यालयका ६ जना अर्थात् क्रमशः ६.२५ र ७.५ प्रतिशत रहेका पाइयो । त्यसैगरी ६९ जना अर्थात् ८६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइयो जसमध्ये सामुदायिक विद्यालयका ३५ जना र संस्थागत विद्यालयका ३४ जना अर्थात् क्रमशः ४३.७५ र ४२.५ प्रतिशत रहेका पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका ५ जना अर्थात् ६.२५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही जवाफ दिएको पाइएन । यसरी समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पुरुषगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

पुरुषगत वाक्य रचनामा रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *ऊ विद्यालय जान्छ,* वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्दा उनी विद्यालय जान्छ, उनीहरू

विद्यालय जान्छन्, त्यसैगरी *हामी बजार जान्छौँ* वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्दा तिमी बजार जान्छौ, ऊ बजार जान्छ जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.४ भावका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूले भावसम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २२

भावगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | ८ | १० | २२ | २७.५ | ३० | ३७.५ |
| ४ वटा प्रश्न मिलाउने | १० | १२.५ | ११ | १३.७५ | २१ | २६.२५ |
| ३ वटा प्रश्न मिलाउने | ६ | ७.५ | ५ | ६.२५ | ११ | १३.७५ |
| २ वटा प्रश्न मिलाउने | ९ | ११.२५ | १ | १.२५ | १० | १२.५ |
| १ वटा प्रश्न मिलाउने | ७ | ८.७५ | १ | १.२५ | ८ | १० |

माथिको तालिका अनुसार भाव सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न पाँचवटा प्रश्न सोधिएको थियो जसमा सबै प्रश्नको सही प्रतिक्रिया दिने विद्यार्थी सङ्ख्या ३० जना अर्थात् ३७.५ प्रतिशत मध्ये सामुदायिक विद्यालयका ८ जना र संस्थागत विद्यालयका २२ जना अर्थात् क्रमशः १० र २७.५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ५० जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका पाइयो जसमध्ये सामुदायिक विद्यालयका ३२ जना र संस्थागत विद्यालयका १८ जना अर्थात्ढ क्रमः ४० र २२.५ प्रतिशत

रहेको पाइयो । यसरी समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भावगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

भावगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *तिमी स्कुल जान्छौ* वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्दा तिमी स्कुल जान्छौ भनी जे छ त्यही र तिमीहरू स्कुल जाऊ जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.५ कालका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरू काल सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २३

कालगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | १५ | १८.७५ | २० | २५ | ३५ | ४३.७५ |
| ४ वटा प्रश्न मिलाउने | ४ | ५ | ४ | ५ | ८ | १० |
| ३ वटा प्रश्न मिलाउने | १० | १२.५ | ४ | ५ | १४ | १७.५ |
| २ वटा प्रश्न मिलाउने | ४ | २ | ८ | १० | १२ | १५ |
| १ वटा प्रश्न मिलाउने | २ | २.५ | ३ | ३.७५ | ५ | ६.५ |
| कुनै पनि प्रश्न नमिलाउने | ५ | ६.२५ | १ | १.२५ | ६ | ७.५ |

माथिको तालिका अनुसार कालगत सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न ५ वटा प्रश्न सोधिएको थियो । जसमा सही प्रतिक्रिया दिने विद्यार्थीहरू ३५ जना अर्थात् ४३.७५ प्रतिशत रहेको पाइयो । जसमध्ये सामुदायिक विद्यालयका विद्यार्थीहरू १५ जना अर्थात् १८.७५ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू २० जना अर्थात्

२५ प्रतिशत रहेका छन् । त्यसैगरी ४५ जना अर्थात् ५६.२५ प्रतिशत विद्यार्थीहरू कालगत वाक्य रचना गर्दा  गलत प्रतिक्रिया दिएका पाइयो जसमध्ये सामुदायिक विद्यालयका विद्यार्थीहरू २५ जना अर्थात् ३१.२५ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू २० जना अर्थात् २५ प्रतिशत रहेका छन् । यसरी समग्र हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको कालगत वाक्य रचना क्षमता राम्रो रहेको पाइयो ।

कालगत वाक्य रचनामा गलत प्रतिक्रिाय दिएका विद्यार्थीहरूले *मैले भाइबहिनीहरूलाई काठमाडौँ ......... ।* (घुमाऊ : भविष्यत्कालमा परिवर्तन गर्दा मैले भाइ बहिनीहरूलाई काठमाडौँ घुमाए । जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.६ पक्षका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको पक्ष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २४

**पक्षगत आधारमा तुलनात्मक स्थिति**

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६ वटा प्रश्न मिलाउने | १८ | २२.५ | २७ | ३३.७५ | ४५ | ५६.२५ |
| ५ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ४ | ५ | ९ | ११.२५ |
| ४ वटा प्रश्न मिलाउने | ३ | ३.७५ | २ | २.५ | ५ | ६.२५ |
| ३ वटा प्रश्न मिलाउने | २ | २.५ | ४ | ५ | ६ | ७.५ |
| २ वटा प्रश्न मिलाउने | २ | २.५ | ३ | ३.७५ | ५ | ६.२५ |
| १ वटा प्रश्न मिलाउने | - | - | - | - | - | - |
| कुनै पनि नमिलाउने | १० | १२.५ | ० | ० | १० | १२.५ |

माथिको तालिका अनुसार पक्ष सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न छ वटा प्रश्न सोधिएको थियो जसमा सबै प्रश्नको सही प्रतिक्रिया दिने ४५ जना अर्थात् ५६.२५ प्रतिशतमध्ये सामुदायिक विद्यालयका १८ जना र संस्थागत विद्यालयका २७ जना अर्थात् क्रमशः २२.५ र ३३.७५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ३५ जना अर्थात् ४३.७५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका पाइन्छ । जसमध्ये सामुदायिक विद्यालयका २२ जना र संस्थागत विद्यालयका १३ जना अर्थात् २७.५ र १६.२५ रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका १० जना अर्थात् १२.५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पक्षगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

पक्षगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरू *सन्तमानले धेरै चित्र ......... बनाउ :* अपूर्ण भूतमा परिवर्तन गर्दा सन्तमानले धेरै चित्र बनाउँछ, *भाई बजार गयो* वाक्यलाई अज्ञात भूतमा परिवर्तन गर्दा भाइ बजार जान्थ्यो । त्यस्तै *हरि नाच्दै थियो* वाक्यलाई अपूर्ण भविष्यतमा परिवर्तन गर्दा हरि नाच्दै छ जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.७ वाच्यका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको वाच्य सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका २५
### वाच्यगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | - | - | - | - | - | - |
| ४ वटा प्रश्न मिलाउने | ७ | ८.७५ | ९ | ११.२५ | १६ | २० |
| ३ वटा प्रश्न मिलाउने | १२ | १५ | १३ | १६.२५ | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | ९ | ११.२५ | ११ | १३.७५ | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | ७ | ८.७५ | ५ | ६.२५ | १२ | १५ |
| कुनै पनि प्रश्न नमिलाउने | ५ | ६.७५ | २ | २.५ | ७ | ८.७५ |

माथिको तालिका अनुसार वाच्य सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न पाँचवटा प्रश्न सोधिएको थियो जसमा सबै प्रश्नको सही प्रतिक्रिया कुनै पनि विद्यार्थीले दिएका पाइएन । त्यसैगरी ४ वटा प्रश्नको सही प्रतिक्रिया दिने विद्यार्थीहरू १६ जना अर्थात् २० प्रतिशतमध्ये सामुदायिक विद्यालयका ७ जना र संस्थागत विद्यालयका ९ जना अर्थात् क्रमशः ८.७५ र ११.२५ प्रतिशत रहेका पाइन्छ । त्यसैगरी ६४ जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका पाइन्छ जसमध्ये सामुदायिक विद्यालयका ३३ जना र संस्थागत विद्यालयका ३१ जना अर्थात् क्रमशः ४१.२५ र ३८.७५ प्रतिशत रहेको पाइन्छ । जसमध्ये सामुदायिक विद्यालयका ५ जना अर्थात् २.५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाच्यगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

वाच्यगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *उनी नाच्छिन्* वाक्यलाई भाव वाच्यमा परिवर्तन गर्दा उनीद्वारा नाचिन्छ, *राम कथा लेख्छ* वाक्यलाई

कर्मवाच्यमा परिवर्तन गर्दा राम कथा लेख्ने थियो, राम कथा लेख्ने छन् जस्ता वाक्य निर्माण गरेको पाइयो ।

## ६.८ आदरका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयको आधारमा विद्यार्थीहरूको आदर सम्बन्धी वाक्य रचना क्षमताको अध्ययनका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २६

आदरगत आधारमा तुलनात्मक स्थिति

| प्रश्न सङ्ख्या | सामुदायिक | | संस्थागत | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ९ | ११.२५ | १४ | १७.५ |
| ४ वटा प्रश्न मिलाउने | ३ | ३.७५ | ७ | ८.२५ | १० | १२.५ |
| ३ वटा प्रश्न मिलाउने | १५ | १८.७५ | १० | १२.५ | २५ | ३१.२५ |
| २ वटा प्रश्न मिलाउने | ११ | १३.७५ | ९ | ११.२५ | २० | २५ |
| १ वटा प्रश्न मिलाउने | ५ | ६.२५ | ५ | ६.२५ | १० | १२.५ |
| कुनै पनि प्रश्न नमिलाउने | १ | १.२५ | - | - | १ | १.२५ |

माथिको तालिका अनुसार आदर सम्बन्धी वाक्य रचना क्षमताको अध्ययन गर्न पाँचवटा प्रश्न सोधिएको थियो जसमा सबै प्रश्नको सही प्रतिक्रिया दिने १४ जना अर्थात् १७.५ प्रतिशतमध्ये सामुदायिक विद्यालयका ५ जना र संस्थागत विद्यालयका ९ जना अर्थात् क्रमशः ६.२५ र ११.२५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६६ जना अर्थात् ८२.५ प्रतिशत विद्यार्थीहरू गलत प्रतिक्रिया दिएको पाइन्छ । जसमध्ये सामुदायिक विद्यालयका ३५ जना र

संस्थागत विद्यालयका ३१ जना अर्थात् क्रमशः ४३.७५ र ३८.७५ प्रतिशत रहेका छन् । जसमध्ये सामुदायिक विद्यालयका १ जना अर्थात् १.२५ प्रतिशत विद्यार्थीहरूले कुनै पनि प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । यसरी समग्रमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको आदरगत वाक्य रचना गर्ने क्षमता कमजोर रहेको देखिन्छ ।

आदरगत वाक्य रचना गर्दा गलत प्रतिक्रिया दिएका विद्यार्थीहरूले *तिमी विद्यालय जाऊ* वाक्यलाई निम्न आदरमा परिवर्तन गर्दा तिमी विद्यालय जाऊ नै भनी सारेको, *तिमी घर जाऊ* वाक्यलाई उच्चतम आदरमा परिवर्तन गर्दा तपाइ घर जानुहोस् जस्ता वाक्य निर्माण गरेको पाइयो ।

समग्रमा खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत ८० जना विद्यार्थीहरूमध्ये ४० जना सामुदायिक विद्यालयका र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपादेयता

## ७.१ सारांश

प्रस्तुत शोध 'खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन' शीर्षकमा आधारित छ । खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका भित्रका विद्यालयहरू धेरै भए तापनि यस नगरपालिकाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयलाई यस शोधको नमुना विद्यालयका रूपमा लिइएको छ । ती विद्यालयका ८० जना विद्यार्थी यस शोधको नमुना छनोटमा परेका छन् । प्रस्तुत शोधलाई सात अध्यायमा विभाजन गरी पूर्ण स्वरूप प्रदान गरिएको छ । प्रस्तुत शोधको सारांशलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रस्तुत शोधको अध्याय एकमा शोध परिचय, शोधसमस्या, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमा र अध्याय विभाजनको रूपरेखा प्रस्तुत गरिएको छ । समग्र विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्नु, छात्रछात्रा र सामुदायिक र संस्थागत विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको तुलनात्मक अध्ययन गर्नु प्रस्तुत शोधको उद्देश्य रहेको छ ।

प्रस्तुत शोधको दोस्रो अध्यायमा सम्बद्ध साहित्यको पुनरावलोकन र वाक्य रचनाको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । शोधकार्यको सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै सम्बद्ध साहित्यको पुनरावलोकन हो । यहाँ शोधशीर्षकसँग सम्बन्धित पुस्तकहरू र शोधको पुनरावलोकन गरिएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत वाक्यको परिचय र परिभाषा, वाक्यका प्रकार, वाक्य रचनाका पक्षहरू, वाक्य रचनासम्बन्धी अध्ययनको आवश्यकताबारे चर्चा गरिएको छ ।

प्रस्तुत शोधको अध्याय तीनमा अध्ययन विधि र प्रक्रियाका बारेमा वर्णन गरिएको छ । शोधको उद्देश्यलाई सफल रूपमा प्राप्त गर्नका लागि जनसङ्ख्या, नमुना छनोट, तथ्याङ्क सङ्कलन प्रक्रिया, साधनको निर्माण, तथ्याङ्क सङ्कलन, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण प्रस्तुतीकरण, मूल्याङ्कन जस्ता सर्वेक्षणात्मक विधिका विविध पक्षहरूको

उपयोग गरिएको छ । यस अध्ययनमा शैक्षिक सत्र २०७५ मा खोटाङ जिल्लाको दिक्तेल, रूपाकोट, मझुवागढी नगरपालिकाका ४ वटा संस्थागत र चारवटा सामुदायिक विद्यालयहरू समावेश गरिएको छ जसमा प्रत्येक विद्यालयबाट १० जना विद्यार्थी पर्ने गरी ८ विद्यालयका ८० जना विद्यार्थी प्रस्तुत अध्ययनका लागि नमुना छनोट रूपमा लिइएको छ । सामग्रीअन्तर्गत वाक्य रचनाका आधारभूत पक्षहरूसँग सम्बन्धित रहेर चारै किसिमका वस्तुगत प्रश्नहरू निर्देशन अनुसार वाक्य परिवर्तन गर्ने र स्वतन्त्र लेखन जस्ता ५० पूर्णाङ्कमा प्रश्नहरू सीमित गरिएको छ ।

प्रस्तुत शोधको अध्याय चारमा खोटाङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत ८० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई मध्यमानका आधारमा विश्लेषण गरिएको छ । नमुनाका रूपमा लैङ्गिकताका आधारमा छात्र ४० र छात्रा ४० जना विद्यार्थी लिइएको छ । कुल ८० जना विद्यार्थीहरूको वाक्य रचना क्षमताको मध्यमान ३१ रहेको छ । समग्र मध्यमानलाई आधार मानेर हेर्दा ४६ जना अर्थात् ५७.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् भने ३४ जना अर्थात् ४२.५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । समग्रमा हेर्दा विद्यार्थीहरूको वाक्य रचना क्षमता मध्यम खालको रहेको छ ।

प्रस्तुत शोधको अध्याय पाँचमा छात्र र छात्राको आधारमा तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका जममा ८० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ जसमा ४० जना छात्र र ४० जना छात्रा लिइएको छ । कुल ८० जना विद्यार्थीहरूको तथ्याङ्कलाई आधार मानेर लैङ्गिकताको आधारमा हेर्दा छात्राको तुलनामा छात्रको वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

प्रस्तुत शोधको अध्याय छमा सामुदायिक र संस्थागत विद्यालयका आधारमा तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । ४/४ वटा विद्यालयका ४०/४० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ जसमा जम्मा ८० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरेर हेर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

अध्याय सातअन्तर्गत सारांश, निष्कर्ष र उपादेयतालाई समावेश गरिएको छ । सारांशअन्तर्गत शोधका सम्पूर्ण कुरालाई सार संक्षेपमा प्रस्तुत गरिएको छ । समग्र

विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानेर हेर्दा खोटाङ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको  वाक्य रचना क्षमता मध्यम खालको रहेको पाइन्छ । वाक्य रचनाका आठवटा पक्षहरू जस्तै लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष वाच्यका समग्रताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्दा सबैभन्दा सबल वचन पक्षमा र सबैभन्दा कमजोर वाच्य पक्षमा रहेका पाइन्छ । लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन गर्दा छात्राहरूको तुलनामा छात्रहरूको वाक्य रचना राम्रो रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता कमजोर रहेको पाइन्छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधकार्यको निष्कर्षलाई निम्नलिखित बुँदामा उल्लेख गरिएको छ :

- समग्र विद्यार्थीहरूको वाक्य रचना क्षमताको विश्लेषण गर्दा विद्यार्थीले ल्याएको प्राप्ताङ्कका आधारमार चार श्रेणीमा विभाजन गरिएको थियो, जसमा सबैभन्दा धेरै विद्यार्थीहरू मध्यम श्रेणीमा रहेका छन् । यसरी हेर्दा समग्र विद्यार्थीको वाक्य रचना क्षमता मध्यम खालको रहेको देखिन्छ ।
- लिङ्ग सम्बन्धी विद्यार्थीहरूको वाक्यरचना क्षमता जाँच्नका लागि पाँचवटा प्रश्न सोधिएको थियो जसमा ५७.५ प्रतिशत विद्यार्थीहरू सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ४२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा लिङ्गगत वाक्य रचना क्षमतामा धेरै विद्यार्थीहरू सक्षम र थोरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- वचन सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँचवटा प्रश्न सोधिएको थियो जसमा ६० प्रतिशत विद्यार्थीहरू सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ४० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा वचनगत वाक्य रचना क्षमतामा धेरै विद्यार्थीहरू  सक्षम र थोरै विद्यार्थीहरू मात्र कमजोर रहेको देखिन्छ ।

- पुरुष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि र चारवटा प्रश्न सोधिएको थियो । जसमा १३.७५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ८६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा पुरुषगत वाक्य रचना क्षमतामा थोरै विद्यार्थीहरू मात्र सक्षम र धेरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- आदर सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँचवटा प्रश्न सोधिएको थियो जसमा १७.५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ८२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा आदरगत वाक्य रचना क्षमतामा थोरै विद्यार्थी मात्र सक्षम र धेरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- भाव सम्बन्धी वाक्य रचना क्षमता जाँच्नका लागि पाँचवटा प्रश्न सोधिएको थियो जसमा ३७.५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ६२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा भावगत वाक्य रचना क्षमतामा थोरै विद्यार्थी सबल र धेरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- पक्ष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि छ वटा प्रश्न सोधिएको थियो जसमा ५६.२५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ४३.७५ प्रतिशत विद्यार्थीहरूले पक्षगत वाक्य रचना गलत प्रतिक्रिया पनि दिएको पाइन्छ । यसरी हेर्दा पक्षगत वाक्य रचना क्षमतामा धेरै विद्यार्थीहरू सक्षम र थोरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- कालसम्बन्धी वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा ४३.७५ प्रतिशत विद्यार्थीहरू सही प्रतिक्रिया दिएको पाइन्छ भने ५६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा कालगत वाक्य रचना क्षमतामा थोरै विद्यार्थीहरू सक्षम र धेरै विद्यार्थीहरू कमजोर रहेको देखिन्छ ।
- वाच्यसम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँचवटा प्रश्न सोधिएको थियो । कुनै पनि विद्यार्थीहरूले सबै प्रश्नको सही जवाफ दिएको पाइएन । त्यसैगरी २० प्रतिशत विद्यार्थीहरू ४ वटा प्रश्नको सही जवाफ दिएको पाइन्छ भने

८० प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा अधिकांश विद्यार्थीहरू वाच्यगत वाक्य रचना क्षमतामा कमजोर रहेको देखिन्छ ।

- समग्रमा हेर्दा वाक्य रचनाका विभिन्न पक्षहरू मध्ये सबैभन्दा सबल वचनगत वाक्य रचना क्षमतामा रहेको पाइन्छ भने सबैभन्दा कमजोर वाच्यगत वाक्य रचना क्षमतामा रहेको पाइन्छ ।
- मध्यमानभन्दा माथि ५७.५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ भने मध्यमानभन्दा तल ४२.५ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । यसरी हेर्दा मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्य रचना क्षमता मध्यम खालको रहेको देखिन्छ ।
- लिङ्ग सम्बन्धी विद्यार्थीको क्षमता जाँच्नका लागि ५ वटा प्रश्न सोधिएको थियो जसमा २५ प्रतिशत छात्रहरूले र ३२.५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको देखिन्छ भने २५ प्रतिशत छात्रहरूले र १७.५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको देखिन्छ । यसरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको लिङ्गगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- वचन सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा ३१ प्रतिशत छात्रहरूले र २८.७५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही जवाफ दिएको पाइन्छ भने १८.७५ प्रतिशत छात्रहरूले र २१ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको वचनगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- पुरुष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि चार वटा प्रश्न सोधिएको थियो जसमा ७.५ प्रतिशत छात्रहरूले र ६.२५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही जवाफ दिएको पाइन्छ भने ४२.५ प्रतिशत छात्रहरूले र ४३.७५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको पुरुषत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्५ ।
- आदर सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा १२.५ प्रतिशत छात्रहरूले र ५ प्रतिशत छात्राहरूले सबै प्रश्नको  सही प्रतिक्रिया दिएको पाइन्छ भने ३७.५ प्रतिशत छात्रहरूले र ४५

प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको आदरगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

- भाव सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा २२.५ प्रतिशत छात्रहरूले र १५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने २७.५ प्रतिशत छात्राहरूले र ३५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्राहरूको तुलनामा छात्राहरूको भावगत वाक्य रचना क्षमता सबल रहेको देखिन्छ ।
- पक्ष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि ६ वटा प्रश्न सोधिएको थियो जसमा ३२.५ प्रतिशत छात्रहरूले र २३.७५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने १७.५ प्रतिशत छात्राहरूले २६.२५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको पक्षगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- काल सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा २२.५ प्रतिशत छात्रहरूले र २१.२५ प्रतिशत छात्राहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने २७.७५ प्रतिशत छात्रहरूले र २८.७५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया  दिएको पाइन्छ । यसरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको कालगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।
- वाच्य सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि पाँच वटा प्रश्न सोधिएको थियो जसमा कुनै पनि विद्यार्थीले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइएन । १२.५ प्रतिशत छात्रहरूले र ७.५ प्रतिशत छात्राहरूले ४ वटा प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने ३७.५ प्रतिशत छात्रहरूले र ४२.५ प्रतिशत छात्राहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा छात्रहरूको तुलनामा छात्राहरूको वाच्यगत वाक्यगठन क्षमता कमजोर रहेको देखिन्छ ।
- समग्रमा छात्रछात्राहरूको वाक्य रचना क्षमतालाई हेर्दा लिङ्गगत आधारमा मात्र छात्रहरूको तुलनामा छात्राहरूको वाक्य रचना क्षमता राम्रो रहेको पाइन्छ भने अन्य सबै पक्षमा छात्राहरूको तुलनामा छात्रहरूको वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

- लिङ्ग सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको पाँच वटा प्रश्नमा सामुदायिक विद्यालयका ३३.७५ प्रतिशत र संस्थागत विद्यालयका ३३.७५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका २६.२५ प्रतिशत र संस्थागत विद्यालयका १६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको लिङ्गगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- वचन सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको पाँच वटा प्रश्नमा सामुदायिक विद्यालयका २५ प्रतिशत र संस्थागत विद्यालयका ३५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयको २५ प्रतिशत र संस्थागत विद्यालयका १५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वचनगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- पुरुष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको चार वटा प्रश्नमा सामुदायिक विद्यालयका ६.२५ प्रतिशत र संस्थागत विद्यालयका ७.५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका ४३.७५ प्रतिशत र संस्थागत विद्यालयका ४२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएका पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पुरुषगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- भाव सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको पाँच वटा प्रश्नमा सामुदायिक विद्यालयका १० प्रतिशत र संस्थागत विद्यालयका २७.५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही जवाफ दिएका थिए भने सामुदायिक विद्यालयका ४० प्रतिशत र संस्थागत विद्यालयका २२.५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भावगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

- वाच्य सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको पाँच वटा प्रश्नमा दुबै खालका विद्यालयका विद्यार्थीहरूले सबै  प्रश्नको सही  जवाफ दिएनन् । सामुदायिक विद्यालयका ८.७५ प्रतिशत र संस्थागत विद्यालयका ११.२५ प्रतिशत विद्यार्थीहरूले चार वटा प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका ४१.२५ प्रतिशत र संस्थागत विद्यालयका ३८.७५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाच्यगत वाक्यगठन क्षमता सबल रहेको देखिन्छ ।
- आदर सम्बन्धी विद्यार्थीहरूको वाक्य रचरना क्षमता जाँच्नका लागि सोधिएको ५ वटा प्रश्नमा सामुदायिक विद्यालयका ६.२५ प्रतिशत र संस्थागत विद्यालयका ११.२५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका ४३.७५ प्रतिशत र संस्थागत विद्यालयका ३८.७५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको आदरगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- पक्ष सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको छ वटा प्रश्नमा सामुदायिक विद्यालयका २२.५ प्रतिशत र संस्थागत विद्यालयका ३३.७५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका २७.५ प्रतिशत र संस्थागत विद्यालयका १६.२५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पक्षगत वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।
- काल सम्बन्धी विद्यार्थीहरूको वाक्य रचना क्षमता जाँच्नका लागि सोधिएको पाँच प्रश्नमा सामुदायिक विद्यालयका १८.७५ प्रतिशत र संस्थागत विद्यालयका २५ प्रतिशत विद्यार्थीहरूले सबै प्रश्नको सही प्रतिक्रिया दिएको पाइन्छ भने सामुदायिक विद्यालयका ३१.२५ प्रतिशत र संस्थागत विद्यालयका २५ प्रतिशत विद्यार्थीहरूले गलत प्रतिक्रिया दिएको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको

तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कालगत वाक्य रचना क्षमता कमजोर रहेको देखिन्छ ।

- समग्रमा हेर्दा वाक्य रचनाका सम्पूर्ण पक्षहरूमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता सबल रहेको देखिन्छ ।

## ७.३ उपादेयता

प्रस्तुत अध्ययन खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययनमा केन्द्रित रहेकाले विद्यार्थीहरूको वाक्य रचना क्षमता केकस्तो छ ? वाक्य रचनाका कुन कुन पक्षमा विद्यार्थीको नतिजा कस्तो छ । विद्यार्थीहरूले कुन पक्षमा बढी र कुन पक्षमा कम त्रुटि गरेका छन् ? त्रुटिहरू के कारणले हुने गरेका छन् ? आदि कुराबारे जानकारी लिन नेपाली भाषासँग सम्बन्धित भएर कार्य गर्ने सम्पूर्णलाई सहयोगी हुने देखिन्छ ।

प्रस्तुत शोधपत्रको उपयोगितालाई नीतिगत तह र प्रयोगगत तहमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ७.३.१ नीतिगत तह

- यस अध्ययनले कक्षा आठको भाषा पाठ्यपुस्तक निर्माण गर्ने निर्मातालाई उक्त पाठ्यपुस्तकमा प्रयोग गरिने वाक्य रचनाको छनोट र स्तरणमा सहयोग मिल्ने छ ।
- भविष्यमा हुने वाक्य रचनासम्बन्धी अध्ययन अनुसन्धानका लागि मार्गनिर्देशन गर्ने छ ।
- शोधकर्ता, समालोचक, लेखक, शिक्षक, विद्यार्थी आदि सबैलाई वाक्य रचनासम्बन्धी जानकारी प्राप्त गर्ने प्रस्तुत शोध उपयोगी हुने देखिन्छ ।
- यस अध्ययनले वाक्य रचना शिक्षणका लागि चाहिने शैक्षिक सामग्री निर्माणमा सहयोग पुऱ्याउने छ ।
- कक्षा आठका विद्यार्थीहरूको वाक्य रचना प्रयोगसम्बन्धी अभ्यासात्मक कार्यकलाप सामवेश गर्न सहयोग गर्नेछ ।

### ७.३.२ प्रयोगगत तह

- सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्य रचना क्षमता राम्रो नदेखिएकाले उक्त विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई सहजताका साथ अध्ययन अध्यापन गराउन उपयोगी हुन्छ ।
- शिक्षकलाई पेसागत रूपमा सक्षम बनाउन सहयोग गर्नेछ ।
- विद्यार्थीहरूको स्तर, क्षमता र आवश्यकताअनुसार विषयवस्तु छनोट गर्न सहयोगी हुने छ ।
- वाक्य रचना सम्बन्धी समस्या पहिचान गरी निराकरण गर्न सहयोगी हुनेछ ।
- पाठ्यवस्तुअनुसार शिक्षण सामग्री र शिक्षण विधिको छनोट गरी शिक्षण गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।
- प्रस्तुत अध्ययनले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमता पहिचान गरी शिक्षकलाई अगाडि बढ्न मार्गनिर्देशन गर्नेछ ।

## ७.४ भावी शोधका निम्ति सम्भावित शीर्षक

- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन
- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन
- कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको वाक्य रचना क्षमताको अध्ययन
- कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको तुलनात्मक अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण (छैटौं संस्क.),* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, लालकुमारी (२०७०), *स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण सिद्धान्त र प्रयोग,* काठमाडौ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि.।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* काठमाडौँ : एस.बी. कम्प्युटर ।

गौतम, यशोदा (२०७०), *स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरूले वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

घिमिरे, कल्पना (२०७३) *काठमाडौ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, अप्रकाशित शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

ज्ञवाली, रामप्रसाद (२०६९), *माध्यमिक नेपाली व्याकरण,* काठमाडौ भुँडीपुराण प्रकाशन ।

देवकोटा, स्मिता (२०७२), *नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

नेपाल सरकार (२०७४), *कक्षा आठ नेपाली,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०७३), *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (२०४२), *राम्रो रचना मिठो नेपाली,* काठमाडौँ : सहयोगी प्रेस ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बोहरा, पदमबहादुर (२०७३), *कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

भट्टराई, डी.पी र ढुङ्गेल, डिल्लीराम (२०६६), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति (सातौँ संस्क.),* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि (दोस्रो संस्क.),* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७१), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

यादव, अशेश्वर (२०६३), *कक्षा पाँचमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, कृष्णदेवी (२०७२), *बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

सुवेदी, पर्सुराम (२०७२), *दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्य गठन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिवि कीर्तिपुर ।

# व्यक्तिवृत्त



नाम : प्रमिला रेग्मी

जन्ममिति : २०४७/११/०३

ठेगाना : ऐसेलुखर्क-३, खोटाङ

बुवाको नाम : गुणराज रेग्मी

आमाको नाम : हिरादेवी रेग्मी

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८६२८६७४६५

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | त्रिभुवन उच्च मा.वि., ऐसेलुखर्क, खोटाङ | २०६४ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | त्रिभुवन उच्च मा.वि., ऐसेलुखर्क, खोटाङ | २०६७ | द्वितीय |
| स्नातक तह (बी.एड.) | दिक्तेल क्याम्पस, दिक्तेल, खोटाङ | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रिवि, कीर्तिपुर | २०७५ | |